जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com






वर्ष २७ •अंक २४० • २०८२ साल माघ १४ गते बुधबार (28 January, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


प्रतिनिधिसभा विघटन मुद्दाः

## माघ २० पछि सुनुवाइ हुने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा आगामी माघ २० गतेपछि मात्र सुनुवाइ हुने सर्वोच्च अदालतले जनाएको छ ।

सर्वोच्चले मंगलबार आउँदो माघ २० गतेका लागि रिट निवेदकलाई साधारण तारिख दिएको छ। सर्वोच्चका प्रवक्ता अर्जुन कोइरालाले संसद् विघटनको मुद्दामा अब माघ २० गतेपछि मात्र सुनुवाइ हुने जानकारी दिए।

आउँदो फागुन २० गतेका लागि तोकिएको आमनिर्वाचन रोक्न माग राखेर पूरक निवेदन समेत दर्ता भएकाले पहिले यस विषयमा सुनुवाइ भएपछि मात्र संसद् विघटनको मुद्दामा सुनुवाइ हुने भएको छ।

नेपाली कांग्रेस, नेकपा एमाले र अन्य दलका निवर्तमान सांसदले संसद् पुनर्स्थापनाको मागसहित सर्वोच्चमा रिट दायर गरेका थिए। यसबाहेक कानुन व्यवसायी लगायतबाट १६ वटा भिन्नै रिट समेत दर्ता भएका छन् ।

जेन- जी आन्दोलनपछि भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए । ओलीको राजिनामापछि राष्ट्रपतिले धारा ७६ अनुसार नयाँ सरकार गठनको प्रक्रिया सुरु गर्नुपर्नेमा त्यसो नगरी पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकार गठन गरेको दाबी रिटमा गरिएको छ ।

कानुन व्यवसायी लगायतले रिट दिएपछि गत मंसिर १० मा एमालेका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले रिट दिएका थिए । लगत्तै नेपाली कांग्रेसका तर्फबाट तत्कालीन प्रमुख सचेतक श्याम घिमिरेसहितले रिट दायर गरे । त्यसपछि थप ५७ सांसद हस्ताक्षरसहितको पूरक निवेदन पनि दर्ता गरिएको छ ।

त्यस्तै जनमत पार्टीकी गोमालाभ सापकोटा, स्वतन्त्र सांसद योगेन्द्र मण्डल र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीकी हसिना खातुनले पनि रिट दिएका थिए। सबै रिटमा माघ २० पछि मात्रै प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा र नहकुल सुवेदी संलग्न संवैधानिक इजलासमा सुनुवाइ हुने छ। यसअघि संसद् विघटनसम्बन्धी सर्वोच्चमा दर्ता भएका सबै रिटलाई एकैसाथ राखेर सुनुवाइ गर्न आदेश भएको थियो।

प्रतिनिधिसभा सदस्य निर्वाचनः मधेशका ३२ सिट

# मधेश केन्द्रित दलको आधार क्षेत्र जोखिममा, नयाँ अनुहारलाई चुनौती

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित दललाई आफ्नो आधार क्षेत्र जोगाउन यसपटक हम्मेहम्मे पर्ने देखिन्छ।

मधेश प्रदेशमा प्रतिनिधिसभाका कूल ३२ वटा निर्वाचन क्षेत्रका लागि १ हजार ५४ जनाको उम्मेदवारी परेको छ । जसमा सबैभन्दा बढी १ सय ५४ जनाले धनुषामा उम्मेदवारी दिएका छन् भने सप्तरीमा सबैभन्दा कम १ सय ४ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् ।

देशको सबैभन्दा ठूलो जनसंख्या भएको मधेश प्रदेश मधेश केन्द्रित दलको प्रभाव क्षेत्र अर्थात आधार क्षेत्र हो। मधेश केन्द्रित दलको प्रभाव घटाउन र आफ्नो बर्चस्व बढाउन नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) लगायतका ठूला दलले हरेक चुनावमा निकै मेहनत गर्ने भएकाले मधेशलाई चासोपूर्वक हेरिएको छ ।

मधेशबाट लामो समय राजनीति गरेको पार्टी छाडेर अन्य पार्टीबाट उम्मेदवार बन्ने ठूला नेतादेखि पूर्वमन्त्री, विभिन्न पार्टीका प्रमुख र भावी प्रधानमन्त्रीका दाबेदारसम्म चुनावी मैदानमा उत्रिएका छन् ।

मधेशका चर्चित नेता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव यसपटक सप्तरी-३ बाट उम्मेदवारी दिएका छन् । २०७९ को चुनावमा सप्तरी- २ बाट हारेका अध्यक्ष यादव उपनिर्वाचनमार्फत बारा-२ बाट निर्वाचित भइ सांसद् बने । उनलाई पराजित गरेका जनमत पार्टीका अध्यक्ष सीके राउत भने यसपटक पनि सप्तरी-२ बाटै प्रतिस्पर्धामा छन् ।

राउतले नै आफ्नो जोडबलमा पार्टीबाट मधेश



प्रदेशमा मुख्यमन्त्री बनाएका सतीश कुमार सिंह जनमत छाडेर स्वाभिमान पार्टीबाट राउतसंगै भिडेका छन्। उनी सप्तरी-२ बाट उम्मेदवारी दिएका छन्। राउतसंगै सप्तरी-२ (१) बाट प्रदेश सभा सदस्यमा निवार्चित भएका उनी राजीनामा गरेर उम्मेदवार बनेका छन् ।

यसअघि सिरहा-२ बाट निर्वाचित भएका जसपा नेपालका उपाध्यक्ष तथा पूर्वमन्त्री राजकिशोर यादव आफ्नो पुरानै क्षेत्र सिरहा-४ मा फर्किएका छन् । जेन- जी आन्दोलनपछि बनेको सरकारमा युवा तथा खेलकुद मन्त्री बनेका बब्लु गुप्ता राजीनामा दिएर रास्वपाबाट सिरहा-१ मा उम्मेदवारी दिएका छन् ।

एमाले उपमहासचिव रघुवीर महासेठ धनुषा-४ बाट चुनाव लडेका छन् भने धनुषा-३ बाट उनकी पत्नी जुलीकुमारी महतो उम्मेदवार छिन् । धनुषा-३ बाटै कांग्रेसका पूर्वउपसभापतिसमेत रहेका पूर्वमन्त्री विमलेन्द्र निधि पनि चुनावी प्रतिस्पर्धामा छन् ।

नेकपाका नेता पूर्वमन्त्री मातृकाप्रसाद यादव धनुषा-१ बाटै उम्मेदवारी दिएका छन् । २०७९ मा उनी यस क्षेत्रबाट जसपा नेपालका दीपक कार्कीसंग पराजित भएका थिए । जसपा नेता एवं पूर्वमन्त्री शरतसिंह भण्डरी महोत्तरी- २ र नेकपाका गिरिराजमणि पोखरेल क्षेत्र नम्बर १ बाट उम्मेदवार छन् ।

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो र नेकपाबाट महेन्द्र राय यादव पुरानै क्षेत्र सर्लाही २ बाट प्रतिस्पर्धामा उत्रिएका छन् । नेकपाका शीर्ष नेता नारायणकाजी श्रेष्ठ सर्लाही-३ बाट उम्मेदवारी दिएका छन् ।

त्यस्तै सर्लाही-४ बाट कांग्रेसले भावी प्रधानमन्त्रीको उम्मेदवार रुपमा घोषणा गरेका पार्टी सभापति गगन कुमार थापा चुनावी मैदानमा उत्रिएका छन् । त्यस्तै रास्वपाबाट पूर्वकांग्रेसीसमेत रहेका अमरेश नारायण सिंह चुनावी मैदानमा उत्रिएका छन् ।

त्यस्तै रौतहट-१ मा नेकपाबाट पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल उम्मेदवार बनेका छन् भने क्षेत्र नम्बर ३ मा आम जनता पार्टीका अध्यक्ष प्रभु साह उम्मेदवार छन् । त्यस्तै रौतहट-४ मा आजपाबाट ऋषि धमला उम्मेदवार छन् । कांग्रेसबाट यहाँ दुई पटक निर्वाचित देवप्रसाद तिमिल्सिनाले यसपटक पनि उम्मेदवारी दिएका छन् ।

कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुर बारा-३ बाट उम्मेदवार छन् भने जसपाबाट पर्सा-१ मा चुनाव जित्दै आएका प्रदीप कुमार यादव चुनावको पूर्वसन्ध्यामा एमालेबाट उम्मेदवार बनेका छन् । पर्सा-२ मा कांग्रेसले पूर्वमन्त्री अजय चौरसियालाई नै दोहोर्‍याएका छन् ।

मधेशमा मनोनयन दर्तापछि निर्वाचन लक्षित गर्दै चुनावी चहलपहल तीव्र रुपमा बढ्दै गएको छ। राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूले घरदैलो, सभा-सम्मेलन र रणनीतिक भेटघाटलाई गति दिएका छन् भने सडकदेखि सामाजिक सञ्जालसम्म चुनावी प्रचारप्रसार बढेको छ।

मधेशमा पनि भ्रष्टाचार, कुशासन, गुटबन्दी र जनअपेक्षा पूरा गर्न नसकेकोजस्ता आरोप राजनीतिक दलहरुमाथि लाग्ने गरेको छ ।

मधेशमा राजनीतिक चेतना भएका ठूलो संख्यामा रहेका मतदाता संघीयता, स्वशासन, समावेशीता, पहिचान र अधिकारका मुद्दामा संवेदनशील रहदै आएका छन् । तर नयाँ भनिएका दलहरु पनि पुरानै दलहरुको छ ।

# दादुरा महामारीः सर्लाहीमा एक जनाबाट धेरैलाई सर्ने जोखिम

**टुडे समाचारदाता**

मलंगवा । पुस २२ मा सर्लाहीको मलंगवा नगरपालिका-३ का एक बालकमा दादुराको लक्षण देखा परेको थियो । शुरुमा देखिएको लक्षण दादुरासंग मिल्दोजुल्दो भए पनि तत्कालै दादुरा हो भन्ने पुष्टि हुन सकेन । तर शंकाका आधारमा लिइएको नमूना परीक्षण गर्दा भने दादुरा पुष्टि भएको थियो ।



पहिलो संक्रमित बालकको पहिचानसँगै स्वास्थ्यकर्मीहरू थप सतर्क बने । केही दिन नबित्दै बालकको सम्पर्कमा आएका अन्य बालबालिकामा पनि उस्तै लक्षण देखा पर्न थाल्यो । त्यसपछि पहिलो संक्रमितसंग नजिकको सम्पर्कमा रहेका ६ जना शंकास्पद बालबालिकाको नमूना संकलन गरी परीक्षण गर्दा सबै जनामा दादुरा पुष्टि भयो ।

अहिलेसम्म दादुराको लक्षण देखिनेको संख्या २३ पुगेको छ । तीमध्ये २२ जना मुस्लिम समुदायका बालबालिका छन् ।

स्वास्थ्य प्रणालीले यसलाई सामान्य घटना नभइ महामारीको रूपमा लिइयो । राष्ट्रिय खोप समिति तथा महामारी प्रतिकार्य संयन्त्रसंग समन्वय गर्दै मलंगवामा आपतकालीन बैठक बसेको थियो । निगरानी कडा गरी संक्रमण फैलिन नदिन खोप अभियान थालिने निर्णय गरिएको थियो ।

स्वास्थ्य मन्त्रालय अन्तर्गतको परिवार कल्याण महाशाखाका बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार पहिलो संक्रमित निजी विद्यालयमा मदरसामा पढ्न जाने एक विद्यार्थी थिए ।

मदरसा जाने बालबालिकामा एउटै लक्षण देखिएपछि स्थानीय तहले निगरानीमा राखेर परीक्षण गर्दा दादुरा पुष्टि भयो ।

डा. अभियान गौतमले जनाए अनुसार सो संक्रमण मलंगवा नगरपालिका-२, ३, ४, ८, ९ र १० नम्बर वडासम्म फैलिएको छ ।

स्वास्थ्य टोलीको प्रारम्भिक अध्ययनले केही महिनाअघि सीमावर्ती क्षेत्र भारतमा दादुराको आउटब्रेकसँग जोडिएको हुनसक्ने देखाएको छ । गत मंसिरमा भारतीय क्षेत्रमा दादुराको प्रकोप देखिएको र त्यहीँबाट आएका व्यक्तिमार्फत संक्रमण फैलिएको आशंका छ ।

स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा. नवलकिशोर झाले दादुरा फैलिएको विषयमा स्वास्थ्य मन्त्रालय र विश्व स्वास्थ्य संगठनको टिमले अनुसन्धान भइरहेको जनाए ।

अधिकांश संक्रमित बालबालिका वडा नम्बर ३ का मुस्लिम समुदायका रहेको उल्लेख गर्दै डा. झा भन्छन्, 'संक्रमित बालबालिकाले दादुराको खोप लिएका छैनन् । मुस्लिम समुदायमा खोपको पहुँच र कभरेज अन्य समुदायको तुलनामा कम देखिन्छ ।' सीमापारि भारततर्फ दादुरा फैलिएको र त्यहाँका बालबालिका पनि मदरसामा पढ्ने गरेकाले संक्रमण सरेको हुनसक्ने सम्भावना रहेको डा. झाले बताए । तर यसबारे ठोस पुष्टि भइनसकेको स्पष्ट पारे ।

संक्रमित भएका बालबालिका ६ महिना देखि ११ वर्ष उमेरसम्मका छन् ।

डा. झाका अनुसार संक्रमण फैलिएको क्षेत्र विशेषगरी मुस्लिम समुदाय बाहुल्य छ । खोपप्रति आशंका र धार्मिक-सांस्कृतिक हिचकिचाहटका कारण विगतमा धेरै बालबालिका नियमित खोपबाट छुटेका थिए ।

गत वर्षको राष्ट्रिय खोप अभियानमा पनि केही अभिभावकले खोप लगाउन अस्वीकार गरेका थिए । खोप लगाउन छुटेको कारणले नै अहिले दादुरा प्रकोपको मुख्य कारण बनेको डा. गौतम बताउँछन् ।

सर्लाहीमा फैलिएको दादुरालाई महमारीको रूपमा लिई नियन्त्रणको काम भइरहेको डा. गौतमले बताए । सोमबारदेखि मलंगवामा ६ महिनादेखि १५ वर्षमुनिका करिब ८ हजार बालबालिकालाई लक्षित गरेर खोप अभियान सञ्चालन भइरहेको छ ।

जोखिमयुक्त क्षेत्र र समुदायलाई प्राथमिकतामा राखिएको छ । २०७९ पुसमा पनि बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-७ को एउटा मुस्लिम परिवारमा ५ जना बालबालिकामा दादुरा पुष्टि भएको थियो । दादुराले महामारीकै रूप लिएको थियो । सरकारलाई नियन्त्रण गर्न कठिन भएको थियो ।

तर सर्लाहीमा भने समयमै संक्रमण पत्ता लागेकाले नियन्त्रण सम्भव देखिएको डा. गौतमले बताए । दादुरा नियन्त्रणका लागि मदरसा, विद्यालय र सार्वजनिक स्थानमा खोप केन्द्र स्थापना गरी विद्यालय जाने बालबालिका र घरमै बस्ने बालबालिकालाई खोप दिइँदै आएको डा. झाले बताए ।

प्रत्येक वर्ष जस्तो दादुराको आउट ब्रेक भइरहेको छ । खोप अभियान सञ्चालन गरिरहँदा पनि दादुराको आउट ब्रेक भइरहेको छ ।

समुदायमा खोपप्रतिको डर हटाउन स्वास्थ्य टोलीले धर्मगुरुहरूसँग प्रत्यक्ष संवाद सुरु गरेको छ । मौलाना र धार्मिक अगुवाहरूले खोप अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । अन्तरधार्मिक सञ्जालमार्फत सचेतना सन्देश फैलाएको डा. गौतमले बताए ।

दादुरा अत्यन्त संक्रामक भाइरसले गर्दा हुने रोग हो । यो साना बालबालिकामा हुने मृत्यु र विकलांगताको समेत प्रमुख कारक हो । चिकित्सकका अनुसार, कडा रूपमा देखिने दादुरा कुपोषित बालबालिका र शरीरमा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई बढी हुने गर्छ ।

दादुरा अति छिटो सर्ने संक्रामक रोग हो जुन मिजल्स भाइरसको कारणबाट हुन्छ ।

दादुरा सामान्यतयाः ५ वर्षमुनिका बालबालिकामा धेरै हुने र छिट्टै फैलिएर महामारीको जोखिम हुने विज्ञहरु बताउँछन् । दादुरा संक्रमण भएमा गम्भीर प्रकारका जटिलताहरू हुनुका साथै मृत्युसमेत हुनसक्छ ।

सामान्य अवस्थामा एक संक्रमितबाट १८ जनासम्म व्यक्तिहरूमा दादुरा-रुबेला सर्न सक्छ । त्यसैगरी यी रोगबाट सामान्यतया १० प्रतिशत बालबालिकाको मृत्यु हुनसक्छ भने आपतकालीन अवस्थामा मृत्युदर ३० प्रतिशतसम्म हुनसक्छ ।


सर्लाहीमा तत्काल नियन्त्रणका लागि विद्यालय बन्द गर्ने, बालबालिकालाई आइसोलेसनमा राख्ने, जटिल अवस्था भएका बालबालिकालाई अस्पतालमा उपचार गर्ने र सबै लक्षित उमेर समूहलाई दादुराको खोप सुनिश्चित गनुपर्ने चिकित्सकहरु बताउँछन् ।




# पूर्व प्रदेश सभा सदस्य सिन्हाको निधन

**दिलीप पाण्डे**

रौतहट। मधेश प्रदेश सभाका पूर्व प्रदेश सभा सदस्य नागेन्द्र प्रसाद सिन्हाको मंगलबार निधन भएको छ । नेपाली कांग्रेसबाट २०७४ सालको प्रदेश सभा निर्वाचनमा रौतहटको क्षेत्र नं. २ (क) बाट निर्वाचित ७३ वर्षीय सिन्हाको उपचारको क्रममा मेडिसिटि अस्पताल काठमाडौंमा निधन भएको उहाँको श्रीमती इशनाथ नगरपालिकाका नगर प्रमुख कौशल्या देवीले जानकारी दिएका छन । तत्कालीन प्रदेश नं. २ का प्रदेश सभा सदस्य सिन्हा रौतहटको साबिक औरैया गाबिसको २ कार्यकाल अध्यक्ष हुनुहुन्थ्यो । रौहटको ईशनाथ नगरपालिका वडा नं. २ निवासी सिन्हाको निधनसँगै समग्र रौतहट शोकमा परेको छ।



जीवनको अन्तिम क्षणसम्म गाउँ, समाज तथा क्षेत्रको सेवामा अनवरतरूपमा समर्पित पूर्व प्रदेश सभा सदस्य सिन्हा सरल, मिलनसार र जनमुखी स्वभावका कारण स्थानीय जनतामाझ अत्यन्त लोकप्रिय रहनु भएको थियो । सामाजिक विकास, जनसरोकारका विषय र क्षेत्रीय उत्थानका लागि उहाँले पुर्‍याउनु भएको योगदान सदैव अविस्मरणीय रहने स्थानिय किशोरी यादव बताएका छन । उहाँको निधनप्रति विभिन्न राजनीतिक दल, सामाजिक संघ-संस्था तथा सर्वसाधारणले गहिरो दुःख व्यक्त गरेका छन् । भोलिको इशनाथ नगरपालिकाले बिदा समेत दिएको छ।

विशेष अतिथि डा. गोकर्ण दहालले नेपाल सरकारले हात्तीपाइले रोग उन्मूलनलाई राष्ट्रिय प्राथमिकतामा राखेर देशभर अभियान सञ्चालन गर्दै आएको जानकारी दिनुभयो। लक्षित समुदायका सबै व्यक्तिले औषधी सेवन नगरेसम्म रोग पूर्ण रूपमा नियन्त्रणमा आउन नसक्ने भन्दै भ्रम र अफवाहबाट बच्न आग्रह गर्नुभयो। औषधी सुरक्षित र निःशुल्क रहेको र गर्भवती बाहेक सबै योग्य व्यक्तिले औषधी सेवन गर्नुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा संचारकर्मीहरूले औषधी सेवनको समय, लक्षित समूह तथा सम्भावित सामान्य असरबारे जिज्ञासा राखेका थिए। स्वास्थ्य अधिकारीहरूले सामान्य असर देखिएमा नआत्तिन र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सुझाव दिएका थिए।

अन्त्यमा हात्तीपाइले रोगविरुद्धको आम औषधी सेवन अभियान सफल बनाउन संघ, प्रदेश, स्थानीय तह, स्वास्थ्यकर्मी तथा संचार माध्यमबीच सहकार्य आवश्यक रहेको बताए।

# "अब परिवर्तन रोकिन्न, बहुमतसहित जित्छु" : योगेन्द्र यादवको दाबी



**सञ्जय मिश्रा**

रौतहट । रौतहट क्षेत्र नं. १ मा जनता समाजवादी पार्टीका प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार योगेन्द्र राय यादवले यसपटकको निर्वाचनमा आफ्नो जित निश्चित रहेको दाबी गरेका छन् । विगतमा प्रदेश सांसद रहँदा जनतासँग प्रत्यक्ष जोडिएर काम गरेको र पदमा नहुँदा पनि निरन्तर जनताको सुख दुःखमा साथ दिएको उल्लेख गर्दै उनले जनताले आफूलाई बहुमतसहित विजयी गराउने विश्वास व्यक्त गरेका छन् ।

दुर्गाभगवती गाउँपालिका-५ बडहरवास्थित सामुदायिक भवनमा आयोजित पार्टीका अगुवा तथा कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै जसपा नेपालका उम्मेदवार यादवले गाउँ-गाउँबाट आफूलाई अभूतपूर्व समर्थन प्राप्त भइरहेको बताएका छन्। "यसपटक जनताको मन परिवर्तनतर्फ छ," उनले भने, "र त्यो परिवर्तनको नेतृत्व मैले गर्नेछु।"

उनले यस क्षेत्रबाट निर्वाचित भइसकेका पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल र कांग्रेस उम्मेदवार अनिल कुमार झा माथि विकासमा अपेक्षाकृत काम गर्न नसकेको आरोप लगाए। "वर्षौं प्रतिनिधित्व गर्दा पनि आधारभूत समस्या ज्यूँका त्यूँ छन्," उनले भने, "त्यसैले जनताले अब नयाँ विकल्प खोजिरहेका छन् ।"

रौतहट क्षेत्र नं. १ हरेक वर्ष बाढी र डुबानको समस्याबाट प्रभावित हुने उल्लेख गर्दै यादवले बागमती नदीमा बलियो तटबन्ध निर्माण हुन नसक्नु विगतका नेताहरूको असफलता भएको जिकिर गरे। "जनता हरेक वर्ष डुबानमा पीडित भइरहँदा नेताहरू मौन बस्न मिल्दैन," उनले भनेका छन् ।

यादवले बाढी नियन्त्रणलाई आफ्नो पहिलो प्राथमिकता बनाउने प्रतिबद्धता जनाउँदै बागमती नदीमा दीर्घकालीन समाधानसहितको मजबुत तटबन्ध निर्माण गर्ने योजना अघि सारे। "यो समस्या समाधान गर्न सकिन्छ, इच्छाशक्ति चाहिन्छ," उनले दाबी गरेका छन् ।

उनले क्षेत्र नं. १ का मतदातालाई बहुमतसहित जिताएर विकासको नयाँ अध्याय सुरु गर्न आग्रह गरेका छन् ।

# पुरानै हाकिमलाई लगाइएको माला बन्यो विवाद

**टुडे समाचारदाता**

रौतहट। रौतहटको यमुनामाई गाउँपालिकामा देखिएको प्रशासनिक र राजनीतिक विवादले नयाँ मोड लिएको छ । अदालतको आदेशपछि गाउँपालिकाका पूर्व प्रमुख प्रशासकीय अधिकृत वकिल पाल पुनः जिम्मेवारीमा फर्किएका छन् ।

यसअघि गाउँपालिका अध्यक्ष शेख ईरसादले राम श्रेष्ठ यादवलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा हाजिर गराएका थिए। सो क्रममा यादवलाई ५१ किलोको फूलमाला लगाएर स्वागत गरिएको दृश्य सार्वजनिक भएपछि उक्त घटनाले व्यापक चर्चा पाएको थियो।

अदालतले हालै दिएको आदेशअनुसार वकिल पाल नै वैधानिक प्रमुख प्रशासकीय अधिकृत रहेको ठहर गर्दै उनलाई जिम्मेवारीमा निरन्तरता दिन निर्देशन दिएको छ । आदेशपछि पाल गाउँपालिकामा हाजिर भइसकेका छन् ।

स्थानीय स्तरमा भने अध्यक्ष ईरसादमाथि आफूअनुकूल कर्मचारी ल्याएर आर्थिक चलखेल गर्न खोजेको आरोप लाग्दै आएको छ। यद्यपि अध्यक्ष पक्षले यी आरोपहरू अस्वीकार गर्दै आएका छन् । अदालतको आदेशपछि ती आरोपहरू फेरि चर्चामा आएका छन् ।



'५१ किलोको माला' प्रकरण

राम श्रेष्ठ यादवलाई ५१ किलोको फूलमाला लगाएर गरिएको स्वागतलाई कतिपयले शक्ति प्रदर्शनको रूपमा व्याख्या गरेका थिए । सामाजिक सञ्जालमा उक्त दृश्य भाइरल भएपछि आलोचना चुलिएको थियो। स्थानीयवासी तथा नागरिक समाजका केही प्रतिनिधिहरूले त्यसलाई "कानुनी प्रक्रियाभन्दा बाहिरको कदम" भन्दै आपत्ति जनाएका थिए।

अदालतको आदेश सार्वजनिक भएपछि गाउँपालिकामा मिश्रित प्रतिक्रिया देखिएको छ। केही स्थानीयले यसलाई कानुनी शासनको जितको रूपमा व्याख्या गरेका छन् भने केहीले प्रशासनिक अस्थिरताले विकास कार्य प्रभावित हुन सक्ने चिन्ता व्यक्त गरेका छन्।

एक स्थानीय नागरिकले भने, "अदालतको निर्णयले कानुन अझै बलियो छ भन्ने देखाएको छ।"

अदालतको आदेशसँगै गाउँपालिकाका विगतका प्रशासनिक निर्णय, कर्मचारी व्यवस्थापन र आर्थिक कारोबारबारे थप चासो बढेको छ। यद्यपि यस विषयमा आधिकारिक निकायबाट विस्तृत छानबिन वा सार्वजनिक प्रतिवेदन आउन बाँकी नै छ।

यमुनामाई गाउँपालिकामा देखिएको यो घटनाक्रमले स्थानीय तहमा प्रशासनिक अधिकार, राजनीतिक हस्तक्षेप र कानुनी प्रक्रियाबीचको सन्तुलनबारे नयाँ बहस शुरु गराएको छ।

## बालबालिकालाई चुनावी प्रचारमा प्रयोग गरिएकामा ध्यानाकर्षण

काठमाण्डु। बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)लेनिर्वाचनआचारसंहिता विपरीत बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गरिएका क्रियाकलापप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी मनोनयन दर्ता सकिएसँगै बालबालिकालाई जुलुसमा सहभागी गराइएको, राजनीतिक दलको चुवान चिन्ह र उम्मेदवारको तस्वीर भएको टिसर्ट लगाई प्रयोग गरिएको, पार्टी कार्यालय र सम्पर्क कार्यालयमा विद्यालय पोशाकमै बालबालिकाको उपस्थित गराइएको, दलगत प्रचारप्रसारका लागि झण्डा बोकाई बालबालिकाको प्रयोग गरिएको समाचार आएको भन्दै सो अभियानले आपत्ति जनाएको हो। आचारसंहिताको प्रभावकारी अनुगमन र कारवाहीका लागि सिजपले निर्वाचन आयोगलाई आग्रह पनि गरेको छ। सो अभियानका अध्यक्ष तिलोत्तम पौडेलले 'बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन्' भन्ने मान्यतालाई चुनौती दिँदै कानुन विपरीत हुने गरी गरिएका यस्ता क्रियाकलाप विरोध गर्दै बालबालिकाको दलगत प्रयोग बन्द गर्न तथा बालबालिका र विद्यालयलाई शान्तिक्षेत्रका रूपमा विकास गर्न आग्रह गर्नुभयो।

बालबालिकासम्बन्धी ऐन, २०७५ र विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ को विरुद्ध हुने गरी गरिएका यस्ता क्रियाकलापले बालबालिकाको मनोभावना, उनीहरूको सुरक्षाका साथै विद्यालयको शैक्षिक कार्यक्रममा प्रत्यक्ष असर पार्नुका अतिरिक्त बालबालिकाको भविष्य तथा सिङ्गो समाजलाई दूरगामी रूपमा नकारात्मक असर पर्ने पौडेलको भनाइ रहेको छ।रासस

## चुनावी खाता खोल्ने प्रबन्ध मिलाउन राष्ट्र बैंकको निर्देशन

काठमाण्डु। नेपाल राष्ट्र बैंकले निर्वाचन प्रयोजनका लागि बैंक खाता खोल्ने प्रबन्ध मिलाउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ। निर्वाचन आयोगको अनुरोधपछि केन्द्रीय बैंकले एक पत्रमार्फत बैंक खाता खोल्ने व्यवस्था मिलाइदिन आग्रह गरेको हो।

आयोगले बैंक खाता बन्द गर्न लगाउँदासम्म सञ्चालन हुने गरी उक्त आयोग मातहतका प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयको सिफारिसमा खाता खोल्न सकिने उल्लेख गरिएको छ। आमनिर्वाचन अभियान समूहका नेपाली मुद्राको आम्दानी खर्च कारोबार गर्नसक्नेगरी खाता खोल्ने व्यस्था गरिएको छ।रासस

## दल र उम्मेदवारसँग बैंकिङ प्रणालीबाट कारोबार गरौं :

# कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी

काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आश र त्रासबाट मुक्त भएर व्यवसायीले बैंकिङ प्रणालीबाट नै राजनीतिक दल र उम्मेदवारसँग चन्दा कारोबार गर्नुपर्ने बताउनुभएको छ।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले मंगलबार आयोजना गरेको निजी क्षेत्रका छाता संस्थाहरूसँगको अन्तर्क्रियामा उहाँले निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारसँग नगद कारोबार नगर्न आग्रह गर्नुभएको हो । दल र उम्मेदवारले बैंकिङ प्रणालीविपरीत कारोबार गरे उम्मेद्वारी रद्दसम्मका कारबाही गर्न सक्ने कानुनी व्यवस्था रहेको जानकारी पनि कार्यक्रममा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले गराउनुभएको थियो ।

मुलुक बङ्गलादेशको जस्तो स्थितिमा गुज्रिनु नपरोस् भनी अनुशासनमा राख्न र लयमा फर्काउन सबै पक्षले निर्वाचनलाई सहयोग गरेको पनि उहाँले बताउनुभयो। भदौ २३ र २४ गतेको अवस्थाबाट देशलाई लयमा फर्काउन निर्वाचन नै उपयुक्त माध्यम हो भनी आयोग सुरुदेखि नै लागि परेको बताउँदै उहाँले यसमा व्यवसायी र सञ्चारमाध्यमले पनि सहयोग गरेकामा धन्यवाद दिनुभयो । सुशासन र स्थायी शान्ति भएन भने मुलुक अझै पर धकेलिने भएकाले पनि अहिले निर्वाचन नै पहिलो आवश्यकता भएको उहाँको भनाइ थियो । निर्वाचन बिथोल्ने शक्ति अहिले क्षीण भएर गएकाले फागुन २१ गते निर्वाचन हुने विषयलाई अब कसैले नकार्न नसक्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ थियो।

राष्ट्रिय झन्डाको दुरूपयोग रोक्न आयोगले सरकारलाई लेखी पठाएपछि गृहमन्त्रालयले सरोकार भएका निकायलाई ध्यानाकर्षण गराई यसको कार्यविधि अनुसार गर्न आह्वान गरेको उहाँले स्मरण गराउनुभयो । निर्वाचन आचारसंहिताको सबैले पूर्णपालना नगरेमा कानुनअनुसारका कारबाही गर्ने प्रक्रिया अघि बढाइएको जानकारी पनि कार्यक्रममा उहाँले गराउनुभयो। पर्यवेक्षणका नाममा विदेशी विभिन्न रूपमा आउने गरेकाले यसपटक पर्यवेक्षकको पनि पर्यवेक्षण गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निजी क्षेत्रका प्रतिनिधिलाई पनि यसमा सहयोग गर्न आह्वान गर्नुभयो।



आयोगका सचिव कृष्णबहादुर राउतले निजी क्षेत्रले निर्वाचन आचारसंहिता पालनामा सहयोग गर्नुपर्ने बताउनुहुँदै सबैको सहकार्यमा आवधिक निर्वाचन गराएर लोकतन्त्रलाई स्थायित्व दिनुपर्ने बताउनुभयो । निर्वाचनका क्रममा करिब रु ३१ अर्ब खर्च हुने जानकारी गराउनुहुँदै उहाँले त्यसबाट उद्योग, व्यवसायलगायत निजी क्षेत्र पनि चलायमान हुने जानकारी गराउनुभयो।

> दल र उम्मेदवारले बैङ्किङ प्रणाली विपरीत कारोबार गरे उम्मेदवारी रद्दसम्मका कारबाही गर्न सकिने कानुनी व्यवस्था रहेको पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो । उहाँले मुलुक बङ्गलादेशको जस्तो स्थितिमा गुज्रिनु नपरोस् भनी अनुशासनमा राख्न र लयमा फर्काउन सबै पक्षले निर्वाचनलाई सहयोग गरेको पनि बताउनुभयो ।

**दल र उम्मेदवारले बैंकिङ प्रणालीबाट कारोबार गर्नुपर्ने**

काठमाण्डु। निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले बैंकिङ प्रणालीबाट आर्थिक कारोबार गर्नुपर्ने बताउनुभएको छ।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले मंगलबार आयोजित निजी क्षेत्रका छाता संस्थासँगको अन्तरक्रियामा उहाँले निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारसँग नगद कारोबार नगर्न आग्रह गर्नुभएको हो।

दल र उम्मेदवारले बैङ्किङ प्रणाली विपरीत कारोबार गरे उम्मेदवारी रद्दसम्मका कारबाही गर्न सकिने कानुनी व्यवस्था रहेको पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो । उहाँले मुलुक बङ्गलादेशको जस्तो स्थितिमा गुज्रिनु नपरोस् भनी अनुशासनमा राख्न र लयमा फर्काउन सबै पक्षले निर्वाचनलाई सहयोग गरेको पनि बताउनुभयो । गत भदौ २३ र २४ गतेको अवस्थाबाट देशलाई लयमा फर्काउन निर्वाचन नै उपयुक्त माध्यम हो भनी आयोग सुरुदेखि नै लागिपरेको बताउनुहुँदै उहाँले यसमा व्यवसायी र सञ्चारमाध्यमले पनि सहयोग गरेकामा धन्यवाद दिनुभयो । सुशासन र स्थायी शान्ति भएन भने मुलुक अझै पर धकेलिने भएकाले पनि अहिले निर्वाचन नै पहिलो आवश्यकता भएको उहाँको भनाइ थियो।

निर्वाचन बिथोल्ने शक्ति अहिले क्षीण भएर गएकाले फागुन २१ गते निर्वाचन हुने विषयलाई अब कसैले नकार्न नसक्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ थियो। राष्ट्रिय झन्डाको दुरुपयोग रोक्न आयोगले सरकारलाई लेखी पठाएपछि गृह मन्त्रालयले सरोकार भएका निकायलाई ध्यानाकर्षण गराई यसको कार्यविधिअनुसार गर्न आह्वान गरेको उहाँले स्मरण गराउनुभयो।

निर्वाचन आचारसंहिताको सबैले पूर्ण पालना नगरेमा कानुन अनुसारका कारबाही गर्ने प्रक्रिया अघि बढाइएको जानकारी पनि कार्यक्रममा उहाँले गराउनुभयो । पर्यवेक्षणका नाममा विदेशीहरु पनि विभिन्न रुपमा आउने गरेकाले यसपटक पर्यवेक्षकको पनि पर्यवेक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निजी क्षेत्रका प्रतिनिधिलाई पनि यसमा सहयोग गर्न आह्वान गर्नुभयो।

आयोगका सचिव कृष्णबहादुर राउतले निजी क्षेत्रले निर्वाचन आचारसंहिता पालनामा सहयोग गर्नुपर्ने बताउनुहुँदै सबैको सहकार्यमा आवधिक निर्वाचन गराएर लोकतन्त्रलाई स्थायित्व दिनुपर्ने बताउनुभयो । निर्वाचनका क्रममा करिब रु ३१ अर्ब खर्च हुने जानकारी गराउनुहुँदै उहाँले त्यसबाट उद्योग, व्यवसायलगायत अर्थतन्त्र चलायमान हुने उल्लेख गर्नुभयो।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ । सञ्चित धन खर्च हुनेछ। |
| वृष : | राजनीतिक क्षेत्रमा संगठनले साथ दिनेछ। खान रुचि नहुने जोखिम छ। |
| मिथुन : | अचानक धन नास हुने जोखिम छ। खर्च गर्नु अगाडि सचेत बन्नु राम्रो हुनेछ। |
| कर्कट : | आफुले आफूलाई चिन्न नसक्दा समस्या बल्झिन सक्छ। |
| सिंह : | साथीको सहयोगमा रमाइलो गर्ने समय हो। खानपानमा सचेत बन्नु राम्रो हुन्छ। |
| कन्या : | धनलक्ष्मी योग परेको छ। लक्ष्मीप्रति भक्ति राख्नु राम्रो हुनेछ। |
| तुला : | शिक्षाको क्षेत्रमा ढिलासुस्ती बढ्नेछ। दान गरेमा मन शान्त हुनेछ। |
| वृश्चिक : | परिवारमा खटपटी बढ्ने योग छ। |
| धनु : | आजको लगानीबाट फाइदा हुनेछ। शेयर कारोबारमा फाइदा हुनेछ। |
| मकर : | लगानी गर्न अगाडि नबढ्नु राम्रो हुनेछ। एकल लगानी भने घातक हुनेछ। |
| कुम्भ: | मुल त्रिकोणमा शुभग्रह बसेका छन्। लगानीका क्षेत्रमा फाइदा हुनेछ। |
| मीन : | पश्चिमको यात्रा नगर्नु राम्रो हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# काठमाडौँका नौ क्षेत्रमा निर्वाचन गराउने जिम्मा महिला निर्वाचन अधिकृतलाई




काठमाण्डु । आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभा सदस्यको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन घोषणा भएयता निर्वाचन हुने वा नहुने आशंकाका बीचबाट सुरु भएको निर्वाचनको तयारी अहिले सुनिश्चितततार्फ अघि बढेको छ ।

निर्वाचन गराउने कार्यादेश पाएको सरकारले यसलाई प्रमुख प्राथमिकताका साथ अगाडि बढाएको छ । जसका कारण अहिले मुलुक निर्वाचनमय बनेको छ । त्यसबाट संघीय राजधानी काठमाडौँ अछुतो रहने कुरै भएन ।

काठमाडौँ सबैभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्ला हो। यहाँ १० वटा निर्वाचन क्षेत्र छन् । प्रत्येक निर्वाचनमा काठमाडौँका १० वटै निर्वाचन क्षेत्रको चर्चा विशेष रहन्छ। यसपटक पनि राजनीतिक दलहरु यी निर्वाचन क्षेत्रमा आफ्नो बलियो उपस्थिति कायम गर्न हरसम्भवले प्रयास गरिरहेका छन् । अझ जेनजी आन्दोलनका कारण हुन लागेको निर्वाचनले अझ विशेष बनेको छ । त्यसको जिम्मेवारी सरकारले महिला निर्वाचन अधिकृतको काँधमा सुम्पेको छ।

काठमाडौँ निर्वाचन क्षेत्र नं ३ की निर्वाचन अधिकृत चमिला भट्टराईले यसलाई सकारात्मक रुपमा लिनुपर्ने बताउनुहुन्छ। “काठमाडौँ सबैभन्दा ठूलो निर्वाचन क्षेत्र भएको जिल्ला हो । यहाँका अधिकांश स्थानको जिम्मेवारी सरकारले महिलालाई सुम्पेको छ, जुन विश्वास र भरोसाले जिम्मेवारी पाएका छौँ, हामीले इमानदारिताका साथ निभाएका छौँ”, उहाँले भन्नुभयो ।

महालेखा नियन्त्रक कार्यालयका निर्देशक भट्टराई महिलाले अवसर पाउने हो भने जिम्मेवारीपूर्वक कर्तव्य पालना गर्ने बताउनुहुन्छ । खासगरी बोलीमा मिठास र भावपूर्ण व्यवहार प्रस्तुत गर्नु महिला नेतृत्वको मौलिक गुण हो भन्ने भट्टराईको धारणा छ । यसअघि स्थानीय तहको निर्वाचनमा मुख्य जिम्मेवारी लिएको अनुभव बटुल्नुभएकी उहाँले महिला नेतृत्वप्रति अरूले गर्ने व्यवहार पनि सभ्य र शालीन हुने गरेको बताउनुभयो । उहाँ भन्नुहुन्छ, “रिसै उठेर आउनेहरु पनि महिलाका अगाडि आएपछि शान्त भइदिनुहुन्छ, स्थानीय निर्वाचनले मलाई अझ बढी परिपक्व बनाएको छ ।”

महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता शान्ति न्यौपानेले काठमाडौँ क्षेत्र नं २ को निर्वाचन अधिकृतको भूमिका निर्वाह गर्नुभएको छ । आफूले लिएको जिम्मेवारी पूरा गर्ने मात्रै होइन, अत्यन्त सभ्य र शान्त वातावरणमा निर्वाचन सम्पन्न गर्नुपर्ने मुख्य जिम्मेवारीमा उहाँ सचेत हुनुहुन्छ । परिवारको दायित्व निभाउनुका साथै अवसर पाउँदा कार्यालयले दिने हरेक कार्य कुशलताका साथ आफूले काम गर्दै आएको उहाँको भनाइ छ ।

निर्वाचन आयोगका अनुसार उच्च सरकारी वकिल कार्यालय पाटनका उपन्यायाधिवक्ता कृष्णा भण्डारी काठमाडौँ-४ मा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव श्रद्धा रिजाल काठमाडौँ-५ मा मुख्य निर्वाचन अधिकृत हुनुहुन्छ । साथै उच्च सरकारी वकिल कार्यालय, पाटनका उपन्यायाधिवक्ता चपला पोखरेलले काठमाडौँ-६ मा, आन्तरिक राजस्व विभागका उपन्यायधिवक्ता सविता शर्मा काठमाडौँ-७ मा, रक्षा मन्त्रालयका उपसचिव सम्झना खनाल काठमाडौँ-८ मा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव मेनुका घिमिरेमा काठमाडौँ-९ र सर्वोच्च अदालतका उपरजिस्ट्रार अमृताकुमारी शर्मामा काठमाडौँ,-१० को मुख्य निर्वाचन अधिकृतका रुपमा काम गरिरहनुभएको छ।

त्यस्तै, काठमाडौँभन्दा बाहिर पर्सा-४ मा नुतन झा, सिन्धुली-१ मा निमा घिमिरे, नवलपरासी (बर्दघाट)-२ मा सर्वोच्च अदालतका उपरजिस्ट्रार सीता अधिकारी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव इन्दुदेवी न्यौपाने, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-१, कास्की-१ मा सर्वोच्च अदालतका इजलास अधिकृत सीता रेग्मीले भनिन । रासस

# पत्रिका बेचेरै जीवन सक्ने भए, पैसा अभावमा उपचार गराउन असमर्थ

**टुडे समाचारदाता**

जनकपुरधाम । बिहारको जयनगरस्थित एक हाइस्कुलबाट मैट्रिक पास गरेपछि परिवारको आर्थिक अभावपुर्ती गर्ने आधारको रुपमा शिक्षण पेशा रोजेका थिए। ‘मैट्रिक पास करलिए, अब मुझे स्कुलमे पढानेवाले नौकरी दिजिए’प्रस्ताव गर्दा एउटा स्कुलले शिक्षक बन्नका लागि पाँच वर्षसम्म तालिम लिनुपर्ने र अर्को पाँच वर्ष सित्तैमा पढाएर अनुभव लिएपछि मात्रै जागिर दिन सक्ने शर्त तेर्स्याइदियो ।आर्थिक अभावले धकेलेपनिमैट्रिक पास गरिसकेकाले लेबर/कुल्लीको रुपमा काम गर्न मनले मानेन । अन्त्यमा पत्रिका बेच्ने काम रोजेका ती युवक हुन्, दिपनारायण साह।



जनकपुर शहरको केन्द्रमा अवस्थित जनक मन्दिर परिसरमा स्थानीय, प्रादेशिक र राष्ट्रियसँगै भारतबाट प्रकाशित अखबारहरु बेच्न बसिरहेका दिपनारायणको अनुहार जति सहज देखिन्छ त्यसको ठ्याक्कै उल्टो हालतबाटगुज्रिहेकोछउनकोजीवन। सन्१९६८डिसेम्बर१कोदिनदेखिउनले अखबारबेच्नथालेकाहुन्।विद्यालयमा शिक्षकको रुपमा कामगर्न नपाएपछि उनले हनुमान मन्दिरमा पुगेर भाकल गरेछन्, ‘हे भगवान्, मैले बालबालिकालाई पढाउने जागिर त पाइनँ । अब म यस्तो कामगर्न पाउँ, जसले धेरैभन्दा धेरै व्यक्तिहरुसँग भेट्न र सम्बन्ध जोड्न सकियोस् ।’उनले चिताएकै जस्तो काम भगवानले जुराइ दिएर हुनसक्छ, पत्रिका बेच्ने निहुँमा दैनिक सयकडौं व्यक्तिसँग भेट्न थाले उनी।

५८ वर्षसम्म निरन्तर पत्रिका बेच्ने काममा सक्रिय रहेका दिप नारायणलाई जनकपुर र आसपासका अखबार-पाठकहरुले नचिन्ने कुरै भएन । उनले दैनिक बौद्धिक खुराक उपलब्ध गराइदिएकाहरु मध्ये कयौँ व्यक्तिहरु मन्त्री, सांसद, मेयर, उपमेयर बनिसके । कयौँ हाकिमहरु भए। तिनीहरुमध्ये पत्रिका लिएर बाँकी राखेको उधारो मात्रै तिर्दिने हो भने दस लाखभन्दा बढी रकम जम्माहुने दिपनारायणको भनाई छ । तर, आज एक लाख रुपैयाँ आफुसँग नभएकै कारण शरीरमा रोग बोकेर कामगर्न बाध्य छन् उनी ।

एक वर्ष अघि ज्वरो लागेर थला परेका दिपनारायण साहको उपचार क्रममा टिवि लागेको ठहरियो। लामो समयसम्म पत्रिका पसलमा नभेट्दा दिपनारायणलाई खोज्दै घरसम्म पुगेकाहरुले चन्दा संकलन गरेर एक लाख रुपैयाँजम्मा गरी उपलब्ध गराइदिए।जेठी छोरी बिहारकै एक स्कुलमा शिक्षक छिन् ।उनले थप एक लाख रुपैयाँको बन्दोबस्ती गरिदिएपछि तत्काल ज्यान जोगिएको उनको अनुभव छ। फलोअप जाँचकालागि केही पैसाको आवश्यकता रहेको तर

> सन् १९६८ डिसेम्बर १ को दिनदेखि उनले अखबार बेच्नथालेकाहुन् ।विद्यालयमा शिक्षकको रुपमा कामगर्न नपाएपछि उनले हनुमान मन्दिरमा पुगेर भाकल गरेछन्, “हे भगवान्, मैले बालबालिकालाई पढाउने जागिर त पाइनँ । अब म यस्तो कामगर्न पाउँ, जसले धेरैभन्दा धेरै व्यक्तिहरुसँग भेट्न र सम्बन्ध जोड्न सकियोस् ।”

जोहो गर्न नसक्दा थप उपचार बिनै रोग पालेर मन्दिर परिसरमा पत्रिका र बेचिरहेका छन् उनले ।


सात सन्तानका पिता दिपनारायण जनकपुरमा आएको छ दशक बितिरहँदा पनि सुकुम्बासी जीवन जिउन बाध्य छन् ।मासिक दस हजार भाडा तिरेर डेरामा बसिरहेका उनको परिवार पत्रिकाबेचेकै आम्दानीबाट दिन काटिरहेको छ। चारजना छोरीहरुलाई जेनतेन अन्माइसके।सबैले एसएलसीसम्म पढाइ गरिन् ।घरमा तीनजना छोराहरु छन् । एकजना जिम र डान्स क्लव चलाइरहेका छन् भने अन्य दुईजना छोराहरु बुवाकै बिँडो थामिरहेका छन् ।तर, यो पेशाले जीवनको पार लाग्ने आश उनले देखिरहेका छैनन् । ५८ वर्ष अघि दिपनारायणले पत्रिका पसल सुरु गर्दा गोरखापत्र दैनिक, राइजिङ नेपाल (अंग्रेजीदैनिक), पुरुषोत्तम दाहालको राजधानी साप्ताहिक, देशान्तर साप्ताहिक, विमर्श साप्ताहिक, राष्ट्रिय पुकार, साप्ताहिक मञ्च, समिक्षा साप्ताहिक, मातृभूमि साप्ताहिक जस्ता अखबारहरु थिए । कान्तिपुर दैनिकको पत्तै थिएन ।बिहारबाट प्रकाशित हुने हिन्दुस्तान, आर्यावर्त, साइन्स अफ इन्डिया, इन्डियन नेशन, सर्च लाइट र इकोनोमिक्स टाइम्सहरु आउँथ्यो ।

यतिबेला कान्तिपुर दैनिक, नागरिक दैनिक, गोरखापत्र दैनिक, सौर्य दैनिक, हिमालयन टाइम्स, राजधानी दैनिक, आर्थिक, काठमाण्डु पोष्ट, राइजिङ नेपाल, स्थानीय प्रकाशनहरु जनकपुर टुडे, मधेशदृष्टि, डेलीएक्सप्रेस, जागरण, तराई टाइम्स, जनधारा, धमाका, समाचार दैनिक, जलेश्वर टुडे, शिक्षक मासिक, नव नेपाल, हिमालीनी जस्ता अखबारहरु आइरहेका छन् ।

पहिले जस्तो अब पत्रिक ।किनेर पढ्ने सँस्कृति कायम नरहेको अनुभव दिपनारायणको छ ।उनी भन्छन्, ‘त्यो बेलाको तुलनामा अब त चारआनापनिपत्रिका पढ्नेहरु छैनन् ।पत्रिकापनिकिनेर पढ्ने हो र ?भन्नेहरु धेरै भए ।’

पत्रिका नबिक्नुको कारण पाठक मात्रै नभएर पत्रकार पनि भएको उनको बुझाइछ । ‘अरु पनि कारण होला । तर, मलाई लाग्छ पहिलाका जस्तो अध्ययन र मिहिनेत गरी लेख्ने पत्रकारहरु पनि रहेन । लेखन नै स्तरीय नभएपछि पढ्नेहरुको पनि रुची घटेर गएको मलाई लाग्छ’ दिपनारायण भन्छन् ।

# चुनावी प्रचारको पूर्वतयारीमा दलहरू



चितवन । जिल्लामा रहेका दलहरूले चुनावी प्रचारको पूर्वतयारीका कामहरू धमाधम गरिरहेका छन् । कार्यकर्ता भेटघाट, समिति निर्माण, आर्थिक सङ्कलनलगायत काममा दल र उम्मेदवारहरू लागेका हुन् ।

नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले जिल्लाका तीन वटै निर्वाचन क्षेत्रमा निर्वाचन परिचालन समिति बनाइएको बताउनुभयो । उहाँले जिल्लामा एउटा, प्रत्येक निर्वाचन क्षेत्र र वडा तहमा समेत निर्वाचन परिचालन समिति बनाएर प्रचारप्रसारको तयारी थालिएको बताउनुभयो । उहाँले भन्नुभयो, “सबै खाले आन्तरिक तयारीमा लागेका छौँ, आन्तरिक तयारी पूरा गरेर प्रचारमा लाग्छौँ ।”

विशेष महाधिवेशनसँगै कांग्रेसहरू एक भएर निर्वाचनमा परिचालित भएको भन्दै उहाँले विगतको जस्तो गुटगत समस्या कांग्रेसमा अहिले नरहेको बताउनुभयो ।

नेकपा (एमाले) का जिल्ला अध्यक्ष कमल पाठकले जिल्लास्तरीय, क्षेत्रस्तरीय, वडास्तरमा निर्वाचन परिचालन, स्वयंसेवक, आर्थिक सङ्कलन समिति बनाइसकिएको बताउनुभयो । घोषणापत्र र प्रतिबद्धतापत्र बनाउने काम भइरहेको जानकारी दिँदै उहाँले भन्नुभयो, “क्षेत्रगत समस्या पहिचान गरी तीन वटै क्षेत्रका छुट्टाछुट्टै प्रतिबद्धतापत्र बनाउने काम भइरहेको छ ।” कार्यालय सञ्चालनका लागि तयारी गरिएको उहाँको भनाइ छ ।

नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य घनश्याम दाहालले जिल्लाका तीन वटै क्षेत्रका उम्मेदवारहरूले कार्यकर्ता भेटघाट कार्यक्रम थालेको बताउनुभयो । तीन वटै निर्वाचन क्षेत्रका सम्पर्क कार्यालय खुलेको, उम्मेदवारका प्रतिबद्धतापत्र छाप्ने तयारी गरिएको र जिल्ला, क्षेत्र र वडा तहमा निर्वाचन परिचालनका लागि विभिन्न समिति बनेको उहाँको भनाइ छ । धेरै पार्टीहरू मिलेर नेपाली कम्युनिष्ट पार्टी बनेको भए पनि सबै सङ्गठित भएर थप ऊर्जाका साथ प्रचार अभियानमा जुटेको उहाँले बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केन्द्रीय सदस्य राजन गौतमले पार्टीका उम्मेदवारले कार्यकर्तालाई भेटघाट गर्ने काम गरिरहेको बताउनुभयो । स्थानीय र राष्ट्रिय मुद्दाहरूको पहिचान गरी त्यसलाई सम्बोधन गर्नेगरी घोषणापत्र बनाउने काम भइरहेको उहाँको भनाइ छ ।

क्षेत्रीयस्तरमा भएका समस्याहरूलाई घोषणापत्रमा समावेश गर्न त्यहाँका कार्यकर्तासँग घनिभूत छलफल गरी काम गरिएको गौतम बताउनुहुन्छ । क्षेत्र नं १ र ३ मा प्रचार समिति बनाइसकिएको भन्दै उहाँले क्षेत्र नं २ मा पार्टी सभापतिसँग परामर्श गरेर मात्रै समिति बनाइने भएकाले बाँकी रहेको बताउनुभयो ।

तीन वटै क्षेत्रमा प्रचार कार्यालय खोल्ने तयारी गरिएको छ । यसअघि दुई वटा क्षेत्र चुनाव जितेको रास्वपाले यसपटक तीन वटै क्षेत्र जित्ने गरी तयारी गरिरहेको गौतमको दाबी छ । तीन वटा क्षेत्र रहेको चितवनमा यसअघि दुई वटा क्षेत्र रास्वपा र एउटा क्षेत्रमा राप्रपाले जित हात पारेका थिए ।

जिल्ला निर्वाचन कार्यालय चितवनका अनुसार यही फागुन २१ गते हुने निर्वाचनमा जिल्लाका तीन वटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन् । जसमा दुई लाख १७ हजार ३१४ जना पुरुष र दुई लाख २४ हजार ७६६ जना महिला एवं दुई जना तेस्रो लिङ्गी रहेका छन् । उनीहरूले १६२ वटास्थल र ४९४ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन् । निर्वाचन कार्यालय चितवनका प्रमुख भीमशेन कार्कीले प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचनको तुलनामा यस वर्ष हुने प्रतिनिधिसभा निर्वाचनमा ३३ हजार ७४० जना नयाँ मतदाता थपिएका छन् भने ३४ वटा मतदान केन्द्र थप भएको बताउनुभयो ।

क्षेत्र नम्बर १ मा एक लाख ४९ हजार ६२१ जना मतदाता रहेका छन् । जसमा ७६ हजार ७६१ जना पुरुष र ७५ हजार ८६० जना महिला रहेका छन् । यस क्षेत्रमा ५६ वटा मतदानस्थल र १६८ वटा मतदान केन्द्र रहेका छन् ।

यस्तै क्षेत्र नम्बर २ मा एक लाख ३७ हजार १५२ जना मतदाता रहेका छन् । तीमध्ये ६७ हजार ८५७ पुरुष र ६९ हजार २९४ महिला एवं एक जना तेस्रो लिङ्गी रहेका छन् । यहाँ ४८ वटा स्थल र १५२ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन् । क्षेत्र नम्बर ३ मा एक लाख ५५ हजार ३०९ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय चितवनले जनाएको छ । तीमध्ये ७५ हजार ६९६ जना पुरुष र ७९ हजार ६१२ जना महिला एवं एक जना तेस्रो लिङ्गी रहेका छन् । उनीहरूले ६३ वटा स्थल र १७४ वटा केन्द्रबाट मतदान गर्ने छन् ।रासस

# आचारसंहिता उल्लङ्घन गरेको आरोपमा आयोगद्वारा स्पष्टीकरण माग

काठमाण्डु । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा राजनीतिक दल, उम्मेदवार, सामाजिक संस्था र विद्यालय गरी विभिन्न सात व्यक्ति तथा निकायलाई स्पष्टीकरण सोधेको छ ।

नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार जानुका पाठक (शोभा पाठक) लाई सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टी विरुद्ध गाली, भ्रामक वा द्वेषपूर्ण र व्यक्तिगत मानहानि

गर्ने सामग्री प्रसारण गरी आचारसंहिताको उल्लङ्घन हुने कार्य गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले राससलाई जानकारी दिनुभयो । जसअन्तर्गत निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ञ) र (ण) उल्लङ्घन गरेको हो वा होइन भनी उहाँलाई आयोगले स्पष्टीकरण सोधेको हो । रासस


मधेश प्रदेश सरकार

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

गौर, रौतहट

**व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मित्तिः २०८२।१०।१४**

यस कृषि ज्ञान केन्द्र, रौतहटको चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यावसायिक उखु खेती परियोजना कार्यक्रम रहेको हुँदा सो कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात् २०८२।१०।२८ गते सम्म परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**ः

१. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित स्थानीय निकायको सिफारिस,
३. कृषक आवेदकको हकमा कम्तीमा १० कठ्ठा क्षेत्रफलको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि,
४. कृषक समूह/सहकारीको हकमा कम्तीमा १५ विया जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि,
५. पेश गरेको जग्गा धनी पुर्जाको गत आ.व. को मालपात तिरेको रसिद,
६. कृषक समूह/सहकारी/फर्मको हकमा संस्था दर्ता प्रमाण पत्र र नवीकरणको प्रतिलिपि,
७. कृषक समूह/सहकारी/फर्मको स्थायी लेखा नम्बर (एब्ल) प्रमाण पत्रको प्रतिलिपि,
८. कृषक समूह/सहकारी/फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदन र गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
९. कृषक समूह/सहकारीको हकमा कार्यकम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारीनामा,


**संचालन हुने कार्यक्रमहरू**ः

१. **सरोकारवालाहरुलाई अभिमूखिकरण**ः कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा लाभग्राहीहरु तथा अन्य सरोकारवालाहरुलाई कार्यक्रम संचालन बारे विस्तृत रुपमा जानकारी गराउन अभिमूखिकरण कार्यक्रम संचालन गरिने छ।
२. **सिंचाई प्रणाली**ः स्यालो ट्यूबवेल/सोलार पम्प/मोटर जस्ता साना सिंचाईलाई प्रोत्साहन गरिने छ।
३. **यान्त्रिकरण**ः
   क) उखु खेतीमा यान्त्रिकरण प्रवर्द्धनको लागि सहकारी संस्थाको सहकार्यमा कष्टम हायरिङ्ग सेन्टर स्थापना एवं संचालन गरिने छ।
   ख) कृषकहरुको हकमा बीउ/सेट्स काट्ने, खनजोत गर्ने, रोप्ने, गोडमेल गर्ने स्वचालित यन्त्र (मिनि टिलर, पावर टिलर आदि), पावर स्प्रेयर, खुट्टी व्यवस्थापन गर्न आवश्यक मेसिनरीहरु जस्तै एम.बी. पलाउ, ट्रेन्च रिजर, बर्ड चिपर, बर्ड कटर, केन प्लान्टर मेसिनहरुमा सहयोग उपलब्ध गराइनेछ।
४. **घुसुवा बाली प्रवर्द्धन**ः उखु बालीमा घुसुवा बाली प्रवर्द्धनको लागि घुसुवा बाली प्रदर्शनी कार्यक्रम कम्तिमा १० कठ्ठामा संचालन गरिने छ। घुसुवा बालीको लागि चाहिने बिउ, मल लगायत अन्य सामाग्री उपलब्ध गराइने छ।
५. **क्षमता अभिवृद्धि**ः उखुबालीमा संलग्न कृषकहरुको प्राविधिक क्षमता अभिवृद्धिका लागि उखुबाली प्रवर्द्धन अन्तर्गत उत्पादन देखि बजारीकरण सम्मका विषयहरुमा तालीम प्रदान गरिने छ।
६. अन्य कार्यक्रमहरु मधेश प्रदेशको व्यावसायिक उखु खेती परियोजना प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ बमोजिम हुनेछ।

**नोट**ः अधिकतम् अनुदान प्रतिशत मधेश प्रदेशको कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७७) मा व्यवस्था भए बमोजिम हुनेछ ।

**कार्यक्रमको दरखास्त फाराम यस कार्यालयको वेबसाइट www.akcrautahat.madhesh.gov.np मा राखिएको छ। विस्तृत विवरणको लागि सूचना अधिकारीको सम्पर्क नंः ९८५५०४०१२९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।**

**नि. कार्यालय प्रमुख**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पुनः राजा हुने तृष्णा

नेपालमा जनआन्दोलन २०६२/०६३ को जगमा भएको निर्वाचनबाट गठित संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो। २ सय ३८ वर्ष लामो शाह वंश राज परम्पराको अन्त्यको घोषणा भएको उक्त दिनलाई प्रत्येक वर्ष गणतन्त्र दिवसका रूपमा मनाउन थालिएको छ। झण्डै १७ वर्ष पुर्व शान्तिपूर्ण ढंगले नारायणहिटी राजदरबारबाट बाहिरिएका ज्ञानेन्द्र शाह पुनः राजा हुने तृष्णाबाट मुक्त हुन सकेका छैनन् । २३ असार २००४ मा जन्मेका शाह ७९ औं वर्षमा प्रवेश गरिसकेका छन् । नेपालको इतिहासमा दुई पटक राजा हुने उनी पहिला व्यक्ति र नेपालका अन्तिम शाहवंशीय राजा हुन् । उनी परिस्थितिले दुई पटक नेपालका राजा भए । तर नियतिले दुवैपटक दिल्ली सम्झौताले बाहिरिनु परेको थियो । पहिलो पटक वि.सं २००७ मा उनका हजुरबुवा त्रिभुवन र बुवा महेन्द्रले देश छाडेर भारतमा शरण लिन गएपछि राणा शासकहरूले ज्ञानेन्द्र शाहलाई राजा बनाएका थिए। पछि राजा वीरेन्द्रको वंश विनाशपछि उनी पुनः नेपालका राजा भएका थिए । राजा महेन्द्रका माहिला छोरा ज्ञानेन्द्र राज परिवारको परम्परा अनुसार राजा हुने रोल क्रममा थिएनन्। वि.सं. २०५८ जेठ १९ गते नारायणहिटी दरवारभित्र भएको नरसंहारमा राजा वीरेन्द्रलगायत तत्कालीन राजपरिवारका अधिकांश सदस्यको हत्या भएपछि राजा वीरेन्द्रका भाइ ज्ञानेन्द्र राजा भएका थिए। २०६१ माघ १७ गते प्रत्यक्ष शासन गर्ने उद्देश्यले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई अक्षम घोषणा गर्दै देशको शासन व्यवस्था आफ्नो हातमा लिए। तर अन्य राजनीतिक दलले आफ्नै नेतृत्वमा सरकार निर्माण र सञ्चालनको अभ्यास गर्न प्रजातान्त्रिक शासन व्यवस्था माथि हमला गरेको आरोप लगाउँदै आन्दोलनमा उत्रे। उनको सक्रिय शासनको विरुद्ध एकजुट भएर आन्दोलन गरेका ७ दलले झण्डै साढे ४ वर्षमा देशबाट राजतन्त्रलाई विस्थापित गर्ने सफलता पाए । राजदरबारबाट बाहिर बस्दै आएका शाहको पुनःराजा हुने तृष्णा मेटिएको छैन। पुनः राजा हुन विभिन्न देवदेवीको पूजा गर्दै सीमित समर्थकहरुलाई निरन्तर भेट्ने गरेका छन् । केही सन्तमहन्तहरुले उनको यो अभियानलाई मलजल गरिरहेका छन् । २०४७ सालको संविधानलाई नै क्रियाशील बनाउन महन्तहरुले दिने सुझाव उनलाई उत्साहित बनाइरहेको देखिन्छ । हुन त देशमा राजनीतिक अस्थिरता, भ्रष्टाचार लगायतका बेथितिले दुखित नेपालीले राजालाई फर्काउने धारणा व्यक्त गरे पनि त्यो परिणाममुखी भने होइन। गत भदौ २३ र २४ गते जेन- जीको नाममा भएको आन्दोलनको बखत राजा स्थापित हुने सम्भावना बढे पनि सम्भव भएन। राजा आउ देश बचाउ भने सीमित मानिस र सन्तमहन्तहरुको भरमा राजा बन्न सहज छैन।

# चाउसेक्कुको पतन किन भयो ?



लक्ष्मण पन्त

रोमानियाका तानाशाह निकोलाई चाउसेस्कुको शासनकालको अन्त्य, जसलाई २५ डिसेम्बर १९८९ मा गोली हानी मारिएको थियो।

चाउसेस्कुलाई सत्ताबाट हटाउन प्रदर्शनहरू भए, र उनलाई भाग्ने क्रममा पक्राउ गरी मृत्युदण्ड दिइयो।

चाउसेस्कुको परिवारवाद, विलासितापूर्ण जीवनशैली र जनताको अभावबीचको भिन्नताको चित्रण।

आज २६ जनवरी । आजकै दिन रोमानियाको तानाशाह निकोलाई चाउसेस्कुको जन्म भएको थियो । १९६५ देखि १९८९ सम्म मृत्युपर्यन्त रोमानिया कम्युनिस्ट पार्टीको महासचिव पदमा र १९७४ देखि राष्ट्रपतिको पदमा रहेका चाउसेस्कु र उनकी पत्नी एलिनालाई भाग्दै गर्दा पक्रिएर रोमानियाको सेनाले २५ डिसेम्बर १९८९ मा गोलीले उडाइदिएको थियो ।

आउनुस् रोमानियामाथि दशकौँसम्म निरंकुश शासन गरेको शक्तिशाली तानाशाहको पतन कसरी भयो भन्नेबारे चर्चा गरौँ ।

२१ डिसेम्बर १९८९ । दिउँसोको समय । रोमानियाको राजधानी बुखारेस्टको प्यालेस स्क्वायर अर्थात् दरबार चोकमा एक लाखको संख्यामा नरनारीहरू राष्ट्रपति चाउसेक्कु र उनकी पत्नी एलिना चाउसेक्कुका ठुला ठुला तस्बिरहरू र हातमा रोमानियाली कम्युनिस्ट पार्टीको झन्डा बोकेर उपस्थित भएका थिए । ती नरनारीहरू सरकारले प्रचार गरेजसरी स्वतःस्फूर्त रूपमा त्यहाँ जम्मा भएका थिएनन् । ती कारखानाका 'विश्वसनीय' श्रमिकहरू थिए । उनीहरूलाई पार्टीको निगरानीमा बसका बस भरेर चुपचाप बुखारेस्ट ल्याई विभिन्न कारखानाका ब्यारेक र गेस्ट हाउसहरूमा अघिल्लो रात राखिएको थियो । केही दिन पहिले तिमीस्वारामा चाउसेस्कुविरुद्ध भएका प्रदर्शनहरूको प्रत्युत्तरमा चाउसेस्कुको निर्देशनमा सरकारले यस प्रदर्शनको आयोजना गरेको थियो ।

पूर्वनिर्धारित तालिकाअनुसार २१ डिसेम्बर १९८९ मा चाउसेक्कु, उनकी पत्नी एलिना चाउसेस्कुका साथै पार्टी र सरकारका उच्च ओहोदाका व्यक्तिहरू रोमानिया कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटी भवनको बालकोनीमा देखिए । त्यहाँ चाउसेस्कुको भाषणमा थुप्रै माइक्रोफोनहरू राखिएका थिए । टेलिभिजन क्यामेराहरू थिए । चाउसेस्कुको देब्रेपट्टि एलिना चाउसेस्कु उभिएकी थिइन् । जनताको विशाल उपस्थिति देखेर चाउसेस्कुले हौसिँदै आफ्नो भाषणको सुरुमै आयोजकहरूलाई बधाई दिएका थिए । यसरी हौसिँदै गर्दा चाउसेस्कुले सपनामा पनि सोचेको थिएन कि अबका ९६ घण्टाभित्र उनीहरू यो दुनियाँबाट बिदा भइसकेका हुनेछन् ।

चाउसेस्कुले भाषण सुरु गरेको दुई- तीन मिनट नहुँदै पछाडितिर ठुलो होहल्ला सुरु भयो । त्यहाँ जनताले चाउसेस्कु मुर्दावाद ! चाउसेक्कु हत्यारा हो ! भन्ने नारा लगाइरहेका थिए । तर अगाडि उभिएकाहरूले भने चाउसेस्कुको भाषणमा थपडी बजाइरहेका थिए । चाउसेक्कुले भाषण रोकेर शान्त रहन धेरै पटक अपिल गर्दा पनि होहल्ला र नाराबाजी रोकिएन ।

त्यसपछिको लगभग दश मिनेटको समय डरलाग्दो थियो । दसौँ हजार मानिस चाउसेस्कुले भाषण दिइरहेको भवन अर्थात् कम्युनिस्टहरूको पार्टी हेडक्वार्टरमा प्रवेश गर्न खोज्दै थिए । चाउसेक्कुका अंगरक्षकहरूले भाषण रोक्न लगाएर उनलाई भाषण गरिरहेको बालकनीबाट भवनको भित्र लगे । त्यहाँ चाउसेस्कुको कोर टिमका सबै उपस्थित थिए । चाउसेस्कु मातहतको शक्तिशाली सेक्युरिटाको सुरक्षा प्रमुख लुलियन भ्लाड पनि चाउसेस्कुसँगै थिए । लुलियन भ्लाड त्यही मानिस थिए, जसले रोमानियामा हजारौँ विरोधीहरूको सफाया गरेका थिए, तर त्यस बखत उनी मौन थिए ।

त्यसो त कम्युनिस्ट पार्टीको त्यो भवनमा भूमिगत टनेलहरू थिए । त्यो बाटो प्रयोग गरेको खण्डमा चाउसेक्कु सहरबाट टाढा भाग्न सक्थे । तर उनले त्यो बाटो प्रयोग गरेनन् । उनले सन् १९८० देखि आफ्नो हेलिकोप्टर उडाएको पाइलट भासीले मलुतानलाई तत्काल वायुसेनाको हेलिकोप्टरसहित उपस्थिति हुनआदेश दिए । हेलिकोप्टरमा चाउसेस्कु दम्पती, दुई अंगरक्षक र चाउसेस्कुका दुई विश्वासपात्र (उपप्रधानमन्त्री तथा चाउसेस्कुको ज्वाइँ मलिया मलेस्कु र प्रधानमन्त्री एमिल बबु) पाइलटलाई बुखारेस्टबाट ४० माइल टाढा स्नोगोभ भन्ने ठाउँमा लैजान आदेश दिइयो । केहीबेरमा हेलिकोप्टर स्नोगोभमा अवतरण गऱ्यो । चाउसेस्कुले पाइलटलाई वायुसेना प्रमुखसँग कुरा गरेर दुई थप हेलिकप्टर सुरक्षा गार्डसहित ल्याउन निर्देशन दिए, तर वायुसेना प्रमुखले त्यो निर्देशन पालना गरेनन् । तत्पश्चात् चाउसेस्कुले पाइलटलाई बोटेनी सैन्य एअरपोर्टमा लैजान निदेश दियो । हेलिकप्टरमा ओभरलोडिङ भएकाले सबै जनालाई लैजान नसक्ने बताएपछि चाउसेस्कु दम्पती र अंगरक्षकहरू मात्र उडे । प्रधानमन्त्री र उपप्रधानमन्त्री उड्न पाएनन् । बोटेनी पुग्नै लाग्दा चाउसेस्कुले हेलीलाई सडकमै ल्यान्ड गर्न आदेश दिए । यसबिच रेडियोमा रोमानियाको आकाशमा कुनै पनि उडान गरेको खण्डमा गोली हानेर खसालिने समाचार प्रचारण भइसकेको थियो ।

चाउसेस्कु दम्पती र अंगरक्षक हेलीबाट ओर्लिए । पाइलट र क्रुहरू हेली लिएर उडे । सडकमा चाउसेस्कुको हतियारधारी अंगरक्षक मेरियन रुसुले गुडिरहेको रातो कारलाई हात दिएर रोक्न खोज्यो, तर कार रोकिएन । अर्को कारलाई राइफल तेर्स्याए रोक्ने आदेश दिइयो । त्यो कारको मालिक डा. निकोलाई डेकाले आतंकित भएर चाउसेस्कु दम्पती र एक अंगरक्षकलाई कारमा बसाले । कार वकारेस्टी नामको गाउँका एक व्यक्तिको घर अगाडि पुगेर रोकियो । कारको पेट्रोल सकिएको थियो । त्यो घर निकोलाई पेत्रोसरको थियो । पेत्रोसरले चाउसेस्कुलाई तिर्गोभित्से क्षेत्रमा रहेको एउटा स्टिल फेक्टरीमा चाउसेक्कुले भनेबमोजिम पुऱ्याए, तर उनीहरूलाई कारखानामा पस्न दिइएन । त्यो त्यही मोडेल कारखाना थियो, जसलाई विदेशी विशिष्ट पाहुनाहरू आउँदा देखाउन ल्याउने गरिन्थ्यो ।



पेत्रोसरले चाउसेस्कुहरूलाई स्थानीय पार्टी कार्यालयतिर लैजान कार मोडे, तर त्यहाँ पनि माहोल ठिक थिएन । अन्ततः पेत्रोसरले उनीहरूलाई एउटा नर्सरी संरक्षण केन्द्रमा छाडेर आफू त्यहाँबाट टाप कसे । नर्सरी केन्द्रको प्रमुखले पुलिसलाई खबर गरेर चाउसेस्कुहरूको सुरक्षाका लागि अनुरोध गरेपछि उनीहरू स्थानीय मिलिसियाको मुख्यालयका लागि प्रस्थान गरे । सहरमा चारैतिर तनावपूर्ण वातावरण थियो । भिडबाट बचाएर मिलिसिया मुख्यालयमा चाउसेस्कुलाई पुऱ्याउँदा बेलुकी ६ बजिसकेको थियो । यसबिच रोमानियाको सेनाले विद्रोहीहरूलाई समर्थन जनाइसकेको थियो । सेना चाउसेक्कुविरुद्ध रहेको जानकारी मिलिसियालाई प्राप्त भइसकेपछि उनीहरू गाडी, हतियार र गोलाबारुद सबै छाडेर तिर्गोभित्सेको मिलिसिया भवनबाट भागिसकेका थिए । मिलिसिया भवन नजिकै सेनाको ब्यारेक थियो । त्यहाँको कमान्डरले मुख्यालयबाट हतियार छाडेर सबै मिलिसियाहरू भागेको थाहा पाएपछि स्थिति सम्हाल्न ५० जनाको सैन्य टुकडी त्यहाँ पठाएका थिए । चाउसेस्कुहरू मिलिसिया भवनमा पुग्नासाथ सैन्य टुकडीले उनीहरूलाई नियन्त्रण लिएको थियो ।

त्यसपछिका तीन दिन चाउसेक्कु दम्पतीले तिर्गोभित्से सैन्य ब्यारेकमा बन्दीको रूपमा काटे । २५ डिसेम्बरमा बिहान ९ बजे त्यहाँ एउटा हेलिकप्टर ल्यान्ड गऱ्यो, जसमा भर्खरै गठित राष्ट्रिय मुक्तिमोर्चाका एक जना सदस्य, केही अधिवक्ता तथा कार्यवाहक रक्षामन्त्री भिक्टर स्टानकुलेसु सवार थिए । तत्कालै ब्यारेकभित्र रहेको सैन्य स्कुलको कोठालाई अस्थायी विशेष सैन्य अदालतका रूपमा बदलेर निकोलाई चाउसेस्कु र एलिना चाउसेस्कुमाथि मुद्दा चलाइयो । ४५ मिनेटको बहसपछि दुवैलाई मृत्युदण्ड सुनाइयो । केहीबेरमा दुवैलाई खुला मैदानमा ल्याएर गोली हानेर मारियो । यस प्रकार रोमानियामा २५ वर्षदेखि एकछत्र निरङ्कुश शासन चलाएको 'कामरेड' चाउसेस्कुको अन्त भयो ।

केही दिनपछि चाउसेक्कुको मृत्युको समाचार रोमानियाको सरकारी टिभीमा पढ्ने एक जना समाचारवाचकलाई सोधिएको थियो कि तपाईंलाई यो समाचार पढ्दा कस्तो अनुभूति भएको थियो । उसको कथन थियो; 'रोमानियाका जनताको लागि चाउसेक्कुको मृत्यु क्रिसमसको ठुलो उपहार थियो ।'

चाउसेस्कुको शासनबाट जनता आजित भएका थिए । एकातिर जनताको जीवनस्तर दिनप्रतिदिन कठिन बन्दै गइरहेको थियो भने चाउसेक्कु र उनको परिवारको जीवन राजा महाराजाको जीवनशैलीलाई माथ गर्ने खाले थियो । पार्टी र राज्यका सबै अंगहरूमा चाउसेस्कु परिवारको वर्चस्व थियो । चाउसेस्कुकी पत्नी एलिना चाउसेस्कु प्रथम उपराष्ट्रपति र रोमानियाको कम्युनिस्ट पार्टीको चाउसेस्कुपछि दोस्रो वरिष्ठ तहमा थिइन् । उनी महँगा कपडा गहना र जुत्ताहरूको असाध्यै सौखिन थिइन् । विदेश भ्रमण जाँदा त्यहाँबाट महँगा उपहार प्राप्त गर्न पहिल्यैदेखि नै रोमानियाको विदेशका नियोगहरूलाई निर्देशन दिइने गर्दथे । त्यसैगरी चाउसेक्कुको छोरा निकू चाउसेक्कु कार्यकारी समितिको वैकल्पिक सदस्य थिए । कार्यकारी समिति रोमानियाको कम्युनिस्ट पार्टीको कोर कमिटी थियो । साथै उनलाई केन्द्रीय समिति सदस्य र वाईसीएलको प्रमुख बनाइएको थियो । चाउसेस्कु दम्पतीले निकूलाई आफूपछि पार्टी अध्यक्ष र राष्ट्रपति बनाउनुपर्छ भनेर पहिल्यैदेखि नै पार्टीमा निर्देशन गरेका थिए । निकू शराबी, चरित्रहीन र स्त्रीलम्पट मानिस थिए ।

चाउसेक्कुका दुई बहिनी ज्वाइँ एक जना इलि भर्डेट र अर्को मनिया मनेस्कुमध्ये दुवैलाई पालैपालो रोमानियाको प्रधानमन्त्री बनाइएको थियो । त्यसैगरी दाजु इलि चाउसेक्कुलाई उपप्रधानमन्त्री बनाइएको थियो । अर्को एक जना भाई निकोलाई एन्ड्रूता लेफ्टिनेन्ट जनरलको पदमा थियो तर रक्षा मन्त्रालयको हर्ताकर्ता बनेको थियो । त्यसो त रोमानिया देशको पूरा नाम समाजवादी रोमानिया थियो । तर जनताले भन्ने गर्दथे 'समाजवाद रोमानियामा छैन, चाउसेक्कुको परिवारमा मात्र समाजवाद छ ।'

एक पटक विदेश भ्रमणमा रहँदा पत्रकारले तपाईँमाथि परिवारवादको आरोप लाग्ने गरेको छ भनेर प्रश्न सोधेको थियो । चाउसेस्कुको गोलमटोल र चक्करदार जवाफ थियोः

म तपाईंसमक्ष सामाजिक सरकारको संयन्त्र कसरी चल्छ भन्नेबारे ज्यादा आमधारणा राख्न चाहन्छु । रोमानियाली समाजवादी समाज सामूहिक नेतृत्वको अवधारणामा सञ्चालित रहेको हुन्छ । विभिन्न निकायहरूमा पार्टी र राज्यका कार्यकर्ताहरू आम जनताका साथमा बहसमा भाग लिएर नीति निर्धारण गर्दछन् किनभने रोमानियामा समाजवादी व्यवस्था छ । सबै आर्थिक सामाजिक क्षेत्रहरूमा यस्ता निकायहरू छन्, जसमा सबै कामदार र जनसमुदाय संलग्न रहन्छन् । सबैले सामूहिक निर्णय गर्दछन्, सामूहिक कर्म गर्दछन् र सामूहिक रूपमा समस्याहरूको समाधान गर्दछन् । सरकारले सामूहिक नेतृत्वको सिद्धान्तका आधारमा निर्णय गर्दछ ।

पार्टीका महाधिवेशनहरूका बिचमा केन्द्रीय समिति र कार्यकारी समितिले सबै घरेलु र अन्तर्राष्ट्रिय मामिलाहरूमा निर्णय गर्दछ । यसै नियमअन्तर्गत एलिनाले पनि हाम्रो समाजको विकासका समस्याहरू समाधान गर्न आफ्नो योगदान गर्छिन् ।

चाउसेक्कुको देवत्वकरण चीनमा माओ र रुसमा स्टालिनको भन्दा कम थिएन । उसले मार्क्स एङ्गेल्स र लेनिनका तस्बिरहरूको सट्टा आफ्नो र आफ्नो पत्नीको मात्र फोटो प्रयोग गर्ने आदेश दिएको थियो । चाउसेस्कुले सन् १९७० तिर स्वास्थ्य मन्त्रीलाई भनेका थिए- 'मजस्तो मानिस पाँच सय वर्षमा एक पटक मात्र जन्मिन्छ ।'

अन्तमा चाउसेक्कुको गुप्तचर प्रमुख र सल्लाहकारको पुस्तक रेड होराइजनको यो अंशबाट यो लेखलाई समाप्त गर्दछु-

'रोमानियाको राजधानी बुखारेस्टमा कम्युनिस्ट पार्टीको अतिथिगृहमा एउटा रात्रिभोजको आयोजना गरिएको थियो । कर्नेल बर्तिका विदेश व्यापार मन्त्री बनेको खुशीयालीमा सो रात्रिभोजको आयोजना गरिएको थियो । रात्रिभोजमा रोमानियाली गुप्तचर निकायका प्रमुख र निकोलाई चाउसेस्कुका सल्लाहकारको पनि उपस्थिति थियो । ह्विस्कीका बोतलहरू खाली हुँदै जाँदा इधरउधरका विषयमा कुराकानी गरिरहेका पाहुनाहरूको वार्तालाप कामरेड चाउसेस्कुमाथि ठोक्किन पुग्यो । रक्षामन्त्री आयोन कोमानले भने, 'विचरा कामरेड ! वासिङ्टन र ह्वाइट हाउसको भ्रमण पर्याप्त थियो । बेलायती महारानीबाट हेपिन लन्डन किन जानुपरेको होला ?'

कर्नेल बर्तिकाले च्याँटिठदै जवाफ फर्काए, 'हेर कोमान ! रोमानियाका जनताले कामरेडलाई बितेका २० वर्षमा यति दिएका छन्, जति बेलायती महारानीलाई हजार वर्षमा उपलब्ध हुन सकेको छैन । महारानीको एउटा मात्र कार्यालय छ, कामरेडका तीनवटा छन्, जसमा एउटा राजमहल पनि सामेल छ । कोमानज्यु, बेलायतकी महारानीका तीन वटा मात्र आवास छन्, हाम्रो कामरेडका पाँच वटा आवास छन् । कामरेडका लागि ३९ जिल्लामध्ये हरेकमा सुविधासम्मन्न आवासहरू छन् । सिकार खेल्न वा अन्य बेलामा त्यहाँ जाँदा कामरेडले ती आवासहरूको उपयोग गर्दछन् । हाम्रा कामरेडका लागि विदेशका प्रत्येक दूतावासमा राष्ट्रपति आवासहरू बनाइएका छन्, जो विदेश भ्रमणमा जाँदा कामरेडले प्रयोग गर्नुहुन्छ । यस्ता विशिष्ट आवासहरूको संख्या २१ छ । त्यहाँ अरू कसैलाई जाने अनुमति छैन ।'

'बेलायतकी महारानीका दुई मात्र निजी विमान छन् कोमान महोदय । हाम्रा कामरेडसँग ९ वटा विमान र तीन हेलिकप्टर छन् । महारानीसंग एउटा मात्र रेलगाडी छ, कोमानज्यु । तर हाम्रो कामरेडका तीन वटा अत्याधुनिक रेलगाडी छन्,' उनले भनेका थिए, 'महारानीका मात्र दुई वटा एम्बुलेन्स छन् । हाम्रो कामरेडसित अमेरिका र जर्मनीबाट विशेष अडर गरेर झिकाइएका चार एम्बुलेन्स छन् । कामरेडको उपचारका लागि पृथक् अस्पताल र चिकित्सक छन् । महारानीका लागि भने कुनै पृथक् निजी अस्पताल छैन । के बेलायतकी महारानीले लन्डनको केन्द्र भाग भत्काएर आवास वा प्रशासनिक भवन बनाउने क्षमता राख्छिन् ? तर हामीसँग त्यो क्षमता छ कमरेडहरू । हामी छिट्टै एउटा प्रशासनिक भवन बनाउनेछौं । त्यसको नाम हुनेछ- निकोलई चाउसेस्कु प्रशासनिक केन्द्र ।'

एकातिर चाउसेस्कुको वैभवले आक्काश छोएको थियो भने अर्कोतिर राजधानी बुखारेस्टसहित रोमानियाभरि खाद्य सामग्रीहरू, चिनी, मासु आदि वस्तुहरूको चरम अभाव थियो । सरकारले मुलुकको औद्योगिकीकरण गर्ने नाममा र विदेशी मुद्रा आर्जन गर्ने नाममा खाद्य वस्तुहरूको विदेशमा निर्यात गर्ने आदेश दिएको थियो । आम जनतालाई खाना पकाउने ग्यास लिन तीन-तीन दिनसम्म लाइनमा बस्नु पर्थ्यो । सीमित मात्रामा प्राप्त हुने खाद्यान्न, अण्डा, मासुका लागि राति तीन बजेदेखि नै स्टोरहरूमा मानिसहरूको लामो लाइन लाग्ने गर्थ्यो । कुखुराको मासु पाउनु दुर्लभ थियो ।रातोपाटी

# स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्र विकास



नवराज ढकाल

विश्व तापमान वृद्धिको प्रमुख कारक तत्वका रुपमा रहेको हरितगृह ग्यास/कार्बन उत्सर्जनसम्बन्धी अन्तरराष्ट्रिय दृष्टिकोणलाई हेर्दा विश्वको कुल उत्सर्जनमा ऊर्जा क्षेत्रको हिस्सा करिब ७६ प्रतिशत रहेको पाइन्छ। जलवायु परिवर्तन तथा कार्बन वित्त परिचालन सम्बन्धमा अन्तरराष्ट्रिय परिवेशलाई दृष्टिगत गर्दा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज, आइपिसिसी) को प्रतिवेदन, २०२३ अनुसार तापमानलाई १.५ डिग्री सेल्सियस र दुई डिग्री सेल्सियसको बीचमा सीमित राख्नका लागि हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका उपायहरुलाई थप प्रभावकारी बनाउनु जरुरी देखिन्छ।

विश्वव्यापी रुपमा खुद शून्य हरितगृह ग्यास उत्सर्जनको अवस्था हेर्दा सन् २०१९ को उत्सर्जन सन् २०१० को भन्दा १२ प्रतिशतले वृद्धि भएको पाइन्छ। हरितगृह ग्यास उत्सर्जनका सबै क्षेत्रबाट उत्सर्जन न्यूनीकरणलाई उच्च प्रभावकारिताका साथ अवलम्बन गरेर मात्र खुद शून्य कार्बन उत्सर्जन वा खुद शून्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लक्ष्य हासिल गर्न सकिन्छ। तसर्थ, विश्व तापमान वृद्धिले खतराको सीमा पार गर्नु अगावै यसको उचित नियन्त्रण गर्न तत्काल हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यहरुलाई द्रुततर एवं गम्भीर ढङ्गले अघि बढाउनु अपरिहार्य देखिन्छ।

ऊर्जा क्षेत्रमा न्यून कार्बनीकरण वा 'डिकार्बनाइजेसन' भन्नाले ऊर्जाको उत्पादन, वितरण तथा उपभोगबाट हुने हरितगृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्दै अन्ततः पूर्ण रुपमा हटाउने प्रक्रियालाई बुझिन्छ। ऊर्जा क्षेत्रमा डिकार्बनाइजेसनका मुख्यतया तीनवटा उपाय रहेका छन्ः इन्धन रुपान्तरण (फ्युल स्विचिङ), राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण र ऊर्जा दक्षता। फ्युल स्विचिङ भनेको परम्परागत ऊर्जा र खनिज इन्धनबाट सञ्चालित प्रविधिहरु (सवारी साधन, मेसिनरी, घरायसी उपकरण विशेषगरी खाना पकाउने प्रविधि) लाई स्वच्छ ऊर्जाबाट सञ्चालन गर्नु हो। फ्युल स्विचिङका प्रमुख क्षेत्रहरुमा घरायसी, यातायात, उद्योग र कृषि रहेका छन्।

राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण भनेको मौसमी सन्तुलन, आयात न्यूनीकरण, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति, विद्युतीय पूर्वाधारहरुको स्तरोन्नतिको माध्यमबाट ग्रिडलाई हरितगृह ग्यास उत्सर्जन मुक्त बनाउनु हो। अर्थात् हामीले उपयोग गर्ने (स्वदेशमै उत्पादित विद्युत् वा आयात गरिएको) विद्युत् परम्परागत खनिज इन्धनमा आधारित नभई शून्य कार्बन स्रोत जस्तैः सौर्य ऊर्जा, वायु ऊर्जा, जलस्रोतमा आधारित रहेको सुनिश्चितता गर्नु हो। ऊर्जा दक्षता भनेको ऊर्जा दक्ष उपकरण, ग्रिड र औद्योगिक मेसिनरीको उपयोगबाट कुनै वस्तु वा सेवाको उत्पादनमा लाग्ने ऊर्जाको परिमाणलाई कम गर्नु हो।

स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकासका लागि स्वच्छ खाना पकाउने ऊर्जा, वितरित नवीकरणीय ऊर्जा, विद्युतीय सवारी (ई-मोबिलिटी), आधुनिक र कृषि क्षेत्रमा ऊर्जा दक्षतालगायत क्रियाकलापमा लगानीका सम्भावनाहरु रहेका छन्। अर्थतन्त्रको न्यून कार्बनीकरणका अवसर तथा चुनौतीहरु एवं मिश्रित लगानीबाट लिन सकिने लाभको पहिचान गर्न तथा स्वच्छ ऊर्जा क्षेत्रको लगानीलाई स्तरोन्नति गर्दै लैजानुपर्ने देखिन्छ। नेपालले राष्ट्रिय लक्ष्य तथा अन्तरराष्ट्रिय प्रतिबद्धताहरुमा डिकार्बनाइजेसनलाई प्राथमिकतामा राखेको छ। तेस्रो राष्ट्रिय निर्धारित योगदान, दिगो विकास लक्ष्य, खुद शून्य उत्सर्जनसम्बन्धी नेपालको दीर्घकालीन रणनीति, सोह्रौँ योजना, ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ लगायत दस्तावेजहरुमा डिकार्बनाइजेसनसम्बन्धी लक्ष्यहरु समेटिएका छन्।

### स्वच्छ ऊर्जा दिवसको आयोजना

संयुक्त राष्ट्रसङ्घले पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगत्को हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रुपान्तरणका लागि सचेतना जगाउने र सोही बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२३ मा घोषणा गरी २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तरराष्ट्रिय स्वच्छ ऊर्जा दिवसका रुपमा मनाउँदै आएको छ। यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरु गरेर मनाउने गरिन्छ। नेपालमा यो दिवस मनाउने कार्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्दै आएको छ। केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा ऊर्जा दक्ष प्रविधि र उपायहरुको प्रवर्द्धनको माध्यमबाट स्वच्छ ऊर्जाको पहुँच वृद्धि, ऊर्जा सेवालाई भरपर्दो, गुणस्तरीय र दिगो बनाउने तथा ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरुसँग सम्बद्ध गराई समावेशी आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउँदै आएको छ। यसका साथै नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन परियोजनाहरुको विकास तथा हरित जलवायु कोषको प्रत्यक्ष पहुँच निकायका रुपमा समेत कार्य गर्दै आएको छ।

यसै सन्दर्भमा केन्द्रले ऊर्जा क्षेत्रका विभिन्न साझेदार संस्थाहरुको सहयोगमा 'स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकाससम्बन्धी राष्ट्रिय सम्मेलन' आयोजना गरेको छ। स्वच्छ ऊर्जा तथा जलवायु परिवर्तनसम्बन्धी लक्ष्यमा योगदान पुऱ्याउने उद्देश्यले आयोजित यस कार्यक्रम गत वर्ष आयोजना गरिएको ' उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलन' को निरन्तरता पनि हो। तथापि यस वर्षको सम्मेलनले न्यून कार्बनीकरणको व्यावहारिक पक्षमा जोड दिँदै बहसलाई व्यवहारमा रुपान्तरण गर्ने उद्देश्य लिएको छ। सम्मेलनले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता एवं जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तरराष्ट्रिय सरकारी/गैरसरकारी निकाय, प्रदेश सरकार तथा स्थानीय तह, अनुसन्धानमुलक/प्राज्ञिक संस्था, विकास साझेदार संस्था, लगानीकर्ताहरु, यस क्षेत्रका अभ्यासकर्ता, निजी क्षेत्र, सञ्चारजगत्, नगारिक समाज एवं क्षेत्रगत विज्ञहरु एउटै मञ्चमा उपस्थित भई स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्रको विकासमा तीव्रता दिनका लागि रणनीतिक दृष्टिकोणसम्बन्धी छलफल/अन्तरक्रिया गर्ने अवसर जुटाउनेछ।

### स्वच्छ ऊर्जा प्रवर्द्धनमा केन्द्रको पहल

स्वच्छ ऊर्जाको माध्यमबाट नेपालको न्यून कार्बन विकास, सामाजिक आर्थिक समुन्नति र हरित अर्थतन्त्र विकासमा केन्द्रको महत्वपूर्ण योगदान रहँदै आएको छ। केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा हासिल गरेका उपलब्धिहरुले न्यून कार्बनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। सरकारले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणका कार्यहरुलाई अघि बढाउन बलियो कानुनी आधार खडा गर्ने उद्देश्यका साथ नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अघि बढाएको छ। यस क्षेत्रमा हासिल गरेका उपलब्धिहरुलाई संस्थागत गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई ऐनको रुप दिने कार्यलाई निर्वाचित संसदले पारित गर्ने विश्वास गरिएको छ।

केन्द्रले हालसम्म लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, सौर्य/सौर्य-वायु मिनिग्रिड, घरेलु सौर्य विद्युत् प्रणाली, संस्थागत सौर्य विद्युत् प्रणाली, सौर्य सडक बत्ती, मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा प्रणाली, घरायसी बायोग्यास, संस्थागत, शहरी तथा व्यावसायिक बायोग्यास, सुधारिएको चुलो, विद्युतीय चुलोलगायत परिविधि विस्तारबाट समग्रमा देशको करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ। कूल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब छ प्रतिशत रहेको छ। विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ। नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरु क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ।

साथै, केन्द्रले सन् २००५ देखि नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन व्यापारसम्बन्धी कार्यको थालनी गरेको हो। केन्द्रले स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिकटन युनिट प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण उत्पादन गरी कार्बन व्यापारमार्फत करिब ३६.०११ मिलियन अमेरिकी डलर आम्दानी गरेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित गरेको छ। नेपालको संविधानले लिएको समावेशी आर्थिक सामाजिक विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको विस्तार र ऊर्जा दक्षताको बाटो अवलम्बन गरी स्वच्छ ऊर्जा रुपान्तरणको बाटो अपनाउनु अपरिहार्य रहेको छ। यसका लागि प्रभावकारी र परिणाममुखी सहकार्य जरुरी देखिन्छ। (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक ढकालसँग गरिएको कुराकानीमा आधारित)रासस

# द्रुतमार्गमा प्रधानमन्त्रीको निरीक्षण: धार्मिक विश्वास र सम्पदालाई असर नपार्न निर्देशन



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले सडक पूर्वाधारलगायतका विकास निर्माण अघि बढाउँदा धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर पुऱ्याउन नहुनेमा जोड दिनुभएको छ ।

मुलुकको सर्वाधिक महत्वको प्राथमिकता प्राप्त राष्ट्रिय गौरवको आयोजना काठमाडौँ-तराई मधेश द्रूतमार्ग निरीक्षणका क्रममा मंगलबार सडक निर्माण कार्यदल, कार्यदलद्वारा ललितपुरको खोकनामा आयोजित कार्यक्रममा उहाँले स्थानीयका सरोकारलाई गम्भीर रुपमा लिई समाधान खोज्न निर्देशन दिनुभयो ।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, "स्थानीयका सरोकारलाई गम्भीरतापूर्वक ध्यान दिइ समाधान खोज्नुपर्छ । आवश्यक परेको खण्डमा रेखाङ्कन र जिरोविन्दु समेत परिवर्तनका लागि तयार हुनुपर्छ । उहाँहरुको विश्वासमा आधात नपुग्ने गरी हाम्रा विकास निर्माण अघि बढाउनुपर्छ।" प्रधानमन्त्री कार्कीले भौतिक संरचना लगायतका निर्माण गरिँदा आवश्यक पर्याप्त खाली ठाउँको व्यवस्था मिलाउन समेत सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, "प्राकृतिक विपद्को बेला खुला ठाउँको आवश्यक पर्छ, मानिसको ओहारदोहर, मेला, पर्व र भेला तथा जमघटका लागि पनि खुला ठाउँ आवश्यक पर्छ । त्यसकारण खाली ठाउँ देख्ने वित्तिकै संरचना बनाउनुपर्छ भन्ने धारणा त्याग्नुपर्छ । योजना बनाउँदा नै पर्याप्त खाली र खुला ठाउँ छाडेर योजना बनाउने र संरचना निर्माण गर्नुपर्छ ।"

यसअघि प्रधानसेनापति अशोकराज सिग्देल र आयोजना प्रमुख उपरथी धर्मेन्द्र झाले आयोजनाको हालसम्मको कार्य प्रगति, चुनौतीलगायतका विषयमा प्रधानमन्त्री कार्कीलाई जानकारी गराउनुभएको थियो ।

प्रधानमन्त्रीको निरीक्षण टोलीमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री, परराष्ट्रमन्त्री, विभिन्न मन्त्रालयका सचिवलगायत हुनुहुन्छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन यस मार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) स्वीकृतमा समय लाग्दा आयोजनाको काम सुरु गर्न केही ढिलाइ भएको थियो । कुल ७० दशमलव ९७७ किमी लम्बाइको उक्त आयोजनाको भौतिक प्रगति हाल करिव ४५ प्रतिशतको हाराहारीमा पुगेको छ ।

द्रूतमार्गअन्तर्गत ८७ वटाभन्दा बढी पुल निर्माण गर्नुपर्ने छ । तीमध्ये केही विशिष्ट प्रकृतिका ८२ मिटरसम्म अग्ला पुल छन् । त्यस्ता पुलसमेत निर्माणको अन्तिम चरणमा पुगिसकेकाले आयोजना निर्धारित मिति विसं २०८३ चैत मसान्त र प्रारम्भिक अनुमानित लागत रु दुई खर्ब १३ अर्बभित्रै निर्माण सम्पन्न गर्ने सेनाले जनाएको छ ।

यो काठमाडौँ उपत्यकासँग मध्यतराईको सिधा सम्पर्क जोड्ने छोटो दूरीको राजमार्ग हुने छ । निर्माणपछि तराईबाट काठमाडौँमा ल्याइने सामान ढुवानीमा ठूलो मात्रामा लागत र समय घट्ने तथा मुलुकको आर्थिक विकासमा उल्लेख्य टेवा पुग्ने अपेक्षा गरिएको छ । आयोजनाअन्तर्गतका सात वटा सुरुङ छन । सेनाले आयोजनाको लक्ष्यअनुसार कार्यसम्पन्न गर्ने विशेष प्रयास गरिरहेको सेनाले जनाएको छ ।रासस

# अर्थतन्त्रको वर्तमान अवस्था, निजी क्षेत्र र सुधारका उपायहरु

संखुवासभा जिल्ला चैनपुरमा २०१३ सालमा जन्म भई विराटनगरबाट स्नातक र कीर्तिपुर क्याम्पसबाट स्नातकोत्तर गरेका हरि गौतम अहिले बीरगञ्ज उधोग बाणिज्य संघका अध्यक्ष हुनुहुन्छ। उहाँ पहिलो जनअन्दोल पश्चात आएको प्रजातन्त्र पछि आपूर्तिमन्त्रीको संयोजकत्वमा २०४८ सालमा गठित केन्द्रिय खाद्य व्यवस्था समितिको सदस्य, ०४९ सालमा हेटौडा कपडा उद्योगको पूर्णकालीन अध्यक्ष रहिसक्नु भएको छ । २०५२ सालमा वीरगञ्ज चिनी कारखानाको अध्यक्ष बन्नुका साथै अध्यक्ष गौतम ०५३ सालदेखि ०६० सम्म तीन पटक जनकपुर चुरोट कारखाना लिमिटेडको महाप्रबन्धक भएर काम गर्नुभएको थियो।

स्टिल दराज, कार्टुन तथा चप्पल कारखानाका सञ्चालक समेत रहेका गौतम समाजिक क्षेत्रमा मानव सेवा आश्रम अभिभावक परिवार पर्साको जिल्ला अध्यक्ष पनि हुन् । वीरगञ्ज उद्योग वाणिज्य सङ्घमा सक्रिय रहदै उपाध्यक्ष र वरिष्ठ उपाध्यक्ष पछि ४९औ साधारणसभाबाट बीरगञ्ज उधोग बाणिज्य संघका अध्यक्ष गौतम सिमा क्षेत्रको अर्थतन्त्रमा समेत राम्रो विशेषज्ञता रहेको छ।

जेनजि आन्दोलन पछि बनेको सरकारले उदघोष गरेको समयमै चुनाव गराउदै छ। जसले गर्दा मुलुक लोकतान्त्रि चुनावी महापर्वमा होमिएको छ ।चुनावी चटारो सबैलाई लागेको छ । बर्तमान परिवेशमा मुलुकको आर्थिक अवस्था र चुनावी सन्दर्वलाई लिएर सङ्घका अध्यक्ष गौतमसँग वर्तमान हाम्रा सहकर्मी अनिल तिवारीले लिएको अन्तवार्ता ।

**चुनावी चहलपहल बढनुका साथै उम्मेदवार हरूको घरदैलो सुरू भएको ,उधोगीलाई चन्दाको कति चाँप छ ?**

चुनाव भइरहेकोले केहि उम्मेदवारबाट चन्दा मांग भइरहेका छन। त्यसलाई स्वभावीक रुपमा लिनु पर्दछ। खुसीराजीले उधोगी व्यापारीहरु आर्थिक सहयोग गरि राख्नु भएको छ ,त्योत आपसी सम्बन्धको पनि कुरा हो। तर कर- काप वा दबावले कसैले कसैलाई चन्दा मांगने कुरा अहिले छैन।

**कोरोनाको कारण पहिला देखिनै आर्थिक तरलता थियो ,त्यसपछि जेनजि आन्दोलनबाट भएको छ । वास्तवमा वर्तमान अर्थतन्त्रको अवस्था कस्तो छ ?**

वर्तमान मुलुकको अर्थतन्त्र अत्यन्त नै चुनौतीपूर्ण अवस्थामा छ । वैदेशिक सञ्चिती बढी भए पनि वास्तविक सूचकांकहरुमा अर्थतन्त्र गम्भीर अवस्थामा छ। साथै सबैभन्दा महत्वपूर्ण कुरा राज्यको आम्दानी र खर्चको तालमेल मिलेको छैन । सम्पूर्ण राज्यको आन्तरिक स्रोतले चालु खर्च धान्न सकेको छैन। लक्ष्य अनुसार राजस्व उठ्न सकेको छैन।

करिब ११ खरब ५० अरब राजस्व उठ्ने देखिएकोमा चालु खर्च नै १२ खरब ५० अरबभन्दा बढी हुने अवस्था छ । दोस्रो वित्तीय व्यवस्थापन खर्च अत्यन्त नै चुनौतीपूर्ण भयो । आजको दिनमा सार्वजनिक ऋण करिब २८ खरब २५ अरबभन्दा माथि छ । आ.व. २०७०/०७१ मा वित्तीय व्यवस्थापन खर्चमा जम्मा ५ खरब ५१ अरब मात्र थियो।

**जेनजी आन्दोलनले अर्थतन्त्रमा कस्तो प्रभाव पाऱ्यो ?**

जेनजी आन्दोलन पछिको अर्थ व्यवस्था अत्यन्त नै नाजुक छ । उद्योगीहरु लगानी गर्न डराई रहेका छन् । उद्योगीहरुको सबैभन्दा बढी चिन्ता शान्ति सुरक्षामा छ। शान्ति सुरक्षा सही नहुने भयो भने कसैले पनि उद्योग गर्दैन र वैदेशिक लगानी पनि आउँदैन । यस क्रममा पूँजी पलायनको समस्या डरलाग्दो रुपमा बढिरहेको छ। बैंकबाट ऋण लगानी भएको छैन ।

**बैंकमा डलर थुपरेकै थपरेको छ,कर्जा लगानी स्थित छ । यसले मुलुकको आर्थिक भबिष्य कता अग्रसर छ ?**

यसै प्रकारले वित्तीय व्यवस्थापन खर्च बढ्ने हो भने भोलि राजस्वको आधा हिस्सा भन्दा बढी रकम राज्यले साँवा ब्याज ऋण तिर्नमा नै तिर्नमा गर्नु पर्ने हुन्छ। राष्ट्रले तिर्ने ऋणमा आन्तरिक ऋणको भार बढ्दो छ। जसको ब्याज महँगो छ। वैदेशिक ऋण पनि लक्ष्य अनुसार प्राप्त हुन सकेको छैन, लिएको ऋणको समेत सही सदुपयोग भएको छैन । राज्यले करको दरमा परिवर्तन गरेर राजस्व बढाउन सक्ने अवस्था समेत छैन। अहिलेको नै अवस्थामा ३९ प्रतिशतसम्म आयकर असुल गरिरहेको छ। करको दर खुम्चि रहेको छ। हाम्रो राजस्वको मुख्य स्रोत मोटर, मोटर पार्टस र पेट्रोलियम पदार्थ हो। बढ्दो इभी गाडीको प्रयोगले यि तिनै कुराहरुमा राजस्व वृद्धि हुन सकेको छैन।


**यसअवस्थमा वैदेशिक ऋणले मुलुक ऋण जालमा त फसने होइन नि ?**

वैदेशिक ऋण तर्फ पनि उत्साहप्रद अवस्था छैन । गत वर्ष अनुमान गरिएको वैदेशिक ऋण रु. २ खरब ६३ अरबमा आजसम्म १५ प्रतिशत पनि प्राप्त भएको छैन। यस वर्ष १ खरबभन्दा बढी वैदेशिक ऋण प्राप्त हुने अवस्था छैन । त्यस्तै वैदेशिक सहायतामा यस वर्ष ५३ अरब प्राप्त हुने लक्ष्य लिएकोमा वर्षको अन्तसम्म ३० प्रतिशतभन्दा बढी प्राप्त हुने अवस्था छैन। अब पूँजीगत खर्च तर्फ जाउँ। पूँजीगत खर्च यस वर्ष ४ खरबभन्दा बढी केही माथि गर्ने भनि छुट्टयाइएकोमा विगत ६ महिनाको अवस्था अत्यन्त निरासाजनक छ। यस अवधिमा १५ प्रतिशत पूँजीगत खर्च पनि हुन सकेको छन । पूँजीगत खर्च नहुनुमा मुख्य कारण यसमा स्रोतको अभाव पनि हो। आन्तरिक राजस्वले चालु खर्च धान्न नसक्नु, चालु खर्चको लागि आन्तरिक ऋण लिने अवस्था हुनु, हरेक वर्ष वित्तीय व्यवस्थापन खर्च बढ्नु, चालु खर्च अत्यधिक बढ्नु, सार्वजनिक ऋण कहालीलाग्दो अवस्थामा बढ्नु, लक्षित वैदेशिक ऋण र वैदेशिक सहायता प्राप्त नगर्नुका कारणबाट पूँजीगत खर्च गर्न स्रोत नै छैन । अनि सबै आयोजनाहरु अधुरा रहने अवस्था छ।

यस्तो अवस्थामा सुशासनको माध्यमबाट कठोरतापूर्वक चालु खर्च घटाउन जरुरी थियो तर राज्यको प्राथमिकतामा यो कहिल्यै पनि परेन । राष्ट्र ऋण लिने र खर्च गर्ने प्रकृति अहिलेको मुख्य समस्या हो। अझ हरेक क्षेत्रमा व्याप्त भ्रष्टाचार सिण्डिकेटले त अर्थतन्त्र तहसनहस नै बनाएको छ।

**आर्थिक रूपबाट राज्य किन यति कमजोर भयो त ?**

नेपालको प्रजातान्त्रिक इतिहासमा राष्ट्रको प्राथमिकता सधैं राजनैतिक विषयमा मात्र रह्यो । कहिल्यै पनि आर्थिक नीति प्राथमिकतामा परेन। २००७ सालको ऐतिहासिक क्रान्ति पछि मुलुक राजनैतिक रुपमा स्वतन्त्र त भयो तर राजनैतक तरलता, लामो समयसम्म घोषित निर्वाचन नहुनु र छोटो समयमा सरकार बदलिनुले गर्दा राज्यले कहिल्यै पनि आर्थिक क्षेत्रलाई प्राथमिकता दिएन। २०१६ सालमा निर्वाचित सरकारले केही हदसम्म आर्थिक सुधारका कार्यक्रमहरु ल्याएको थियो तर यसले काम गर्न पाएन । २०१७ सालको राजनैतिक परिवर्तन पछि पुनः ३० वर्षसम्म राज्यले राजनैतिक तरलता र अस्थिरतामा समय बितायो। यस बखत पनि आर्थिक क्षेत्रले प्राथमिकता पाएन।



हरि गौतम

**आर्थिक सुधारको लागी सरकारी दृढशक्तिको कति कुरा गर्न सकिन्छ र ?**

२०४८ सालमा निर्वाचित सरकारले आर्थिक सुधारको पहिलो चरणको कार्यक्रम शुरु गरेको थियो । मुलुकमा त्यसको सकारात्मक प्रभाव परेको पनि थियो। तर त्यसले नियमितता पाउन सकेन पुनः नेपाली काँग्रेस भित्रको आन्तरिक संघर्षले मुलुक मध्यावधिमा गयो र आम निर्वाचनमा कसैले पनि बहुमत नपाउँदा पुनः राजनैतिक तरलता रही रह्यो । २०५२ साल फाल्गुन १ गतेदेखि माओवादी द्वन्दको शुरुवात पछि त आर्थिक क्षेत्रले प्राथमिकता नै पाएन। मुलुकको मुख्य प्राथमिकता शान्ति सुरक्षा कायम गर्नु, हतियार खरिद गर्नु, सेना पुलिसको संख्या बढाउनुमा रह्यो। फलतः २०६३ को जनआन्दोलनसम्म चरम राजनैतिक तरलतामा नै समय बित्यो । २०६३ सालको जनआन्दोलन पछि मुलुकले आर्थिक क्षेत्रमा प्राथमिकता पाउने अपेक्षा गरिएको थियो तर त्यो पनि भएन । मुलुक चरम संक्रमणकालीन अवस्थाबाट गुज्रियो । संविधान बनाउनमा नै ९ वर्ष लाग्यो । नयाँ संविधान बनी निर्वाचन भए पछि मात्र राज्यले दीर्घकालीन आर्थिक नीति लिने छ भनियो।

२०७४ सालमा भएको आम निर्वाचनमा नेकपाले झण्डै २ तिहाई बहुमत प्राप्त गरेकोमा अब मुलुकले आर्थिक सुधारको लागि कठोर कदम चाल्ने अपेक्षा गरिएको थियो तर २ वर्षदेखि नै सो पार्टी तीव्र आन्तरिक द्वन्दमा गयो र अन्ततः पार्टी फुट्न गयो । मुलुकको स्वर्णिम कालको रुपमा रहेको सो समय पनि राजनैतिक अस्थिरतामा नै बित्यो । आर्थिक सुधारका कुराहरुले प्रश्रय पाएन। २०७९ सालको चुनाव पछि पनि राजनैतिक संक्रमण कायम रह्यो। अन्ततः १ वर्ष अघि दुई ठूला राजनैतिक दल मिलेर सरकार बनाए पछि अब राजनैतिक स्थिरता आई आर्थिक क्षेत्रले प्राथमिकता पाउने अपेक्षा गरिएको थियो। तर त्यस्तो भएन, बढ्दो असन्तुष्टी, बिग्रदो अर्थतन्त्र, उद्योग व्यवसायमा आएको शिथिलता र रोजगारी सृजनाको भयावह अवस्था र सुशासनको कमीले गर्दा २०८२ साल भाद्र २३ र २४ गते अकल्पनीय अवस्थामा मुलुक पुग्यो।

**अब के गर्ने त ?**

२०८२ साल भाद्र २३ र २४ गतेको अवस्था आउने मुख्य आर्थिक कारण नै हो । जेनजीको मुख्य माग सुशासन, रोजगारी सृजना, सामाजिक सञ्जाल खुलाउनु पर्ने थियो । यसको लागि भएको आन्दोलनमा राज्यले अधिक बल प्रयोग गऱ्यो र त्यसको परिणामस्वरुप २४ गते भएको हिंस्रक आन्दोलनमा राज्यका सबै संरचनाहरु ध्वस्त हुनुका साथै खरबौं रुपैयाँको नोक्सानी राज्यले व्यहोर्नु पऱ्यो। राजनैतिक रुपले त विगत ७५ वर्षका हामीले धेरै फड्को माऱ्यौं। निरंकुश राणा शासनको अन्तदेखि गणतन्त्र सम्म स्थापना गऱ्यौं । संविधान सभाबाट संविधान बनायौं । वाक तथा प्रकाशन स्वतन्त्रता छ। अद्यावधिक निर्वाचन हुन्छ। मुलुकमा सङ्घीय लोकतन्त्र स्थापना भएको छ । तर आर्थिक क्षेत्रले कहिल्यै पनि प्राथमिकता नपाएकोले मुलुक अहिलेको चरम निरासाको अवस्थामा आई पुग्यो। यो निरासालाई चिर्न र भोलिको भविष्य सुनिश्चित गर्न सुशासन सहितको आर्थिक क्षेत्रले प्राथमिकता पाउनु आजको आवश्यकता हो। अहिले आम निर्वाचन भइरहेको छ। सबै राजनैतिक दलहरुले आफ्नो चुनावी घोषणापत्रमा आर्थिक एजेण्डालाई प्राथमिकताका साथ राखून। दोस्रो जसरी राजनैतिक रुपमा स्थायित्वको लागि हामीले संविधान बनायौं आर्थिक स्थिरताको लागि राजनैतिक दलहरु, उद्योगी व्यवसायी, आर्थिक विज्ञ र सरकारले एक २५ वर्षे दीर्घकालीन उदार आर्थिक नीति बनाउन् र सो नीति सर्वसम्मत् वा संसदको २ तिहाई बहुमतले पास गरोस्। सो नीति वार्षिक बजेट भाषण वा मन्त्रीको तजबिजले र संसदको साधारण बहुमतले परिवर्तन हुनेछैन। जुन सरकार आए पनि सो नीतिबाट बाहिर जान सक्ने छैनन् । राजनीतिज्ञहरुले राजनीति गरुन् । हामी उद्योगी व्यवसायीहरुले उद्योग गर्छौ। उद्योग व्यवसाय बढाउँछौं। वैध तरिकाले नाफा कमाउँछौं, बढी राजस्व तिर्छौं । थप नयाँ नयाँ उद्योग, व्यवसायहरु शुरु गर्छौं, नयाँ नयाँ रोजगारी सृजना गर्छौ । यसको पहिलो शर्त भनेको मुलुकमा सुशासन, पारदर्शिता, जिम्मेवार शासन हुनु नै पर्छ । यस पछि राजनैतिक क्षेत्रले राजनीति गर्छ। हामी आर्थिक क्षेत्रमा रहेर उद्योग व्यवसाय बढाई बढी कर तिर्छौं । राजनैतिक अस्थिरताले आर्थिक क्षेत्रलाई कुनै प्रभाव गर्दैन। २५ वर्षे आर्थिक नीतिको कारणबाट वैदेशिक लगानी बढ्ने छ । मानिस ढुक्क भएर आफूलाई २५ वर्षसम्म लाग्ने करको अनुमान गर्न सकनेछ। मुलुक समृद्धिको बाटोमा हिड्नेछ।

# गृहमन्त्री अर्यालद्वारा काठमाडौंका कारागारहरूको निरीक्षण : कारागारको सुधारका लागि निर्देशन



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले काठमाडौँमा रहेका दुई कारागार कार्यालयहरू केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल र कारागार कार्यालय डिल्लीबजारका साथै केन्द्रीय कारागार अस्पताल त्रिपुरेश्वरको स्थलगत निरीक्षण गर्नुभयो ।

गृहसचिव, गृहमन्त्रालयको शान्ति तथा सुरक्षा महाशाखाका प्रमुख, कारागार व्यवस्थान विभागका महानिर्देशक, नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षकलगायत उच्च अधिकारीको टोली लिई कारागार निरीक्षणको लागि पुग्नुभएका मन्त्री अर्यालले दुई कारागार कार्यालयहरू र एक कारागार अस्पतालको निरीक्षणको क्रममा कारागारहरू र अस्पतालको वस्तुस्थितिबारे जानकारी लिई गर्नुपर्ने आवश्यक सुधारको लागि निर्देशन दिनुभएको हो।

मन्त्री अर्यालले केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवलमा रहेका केन्द्र, भद्र र महिला सुधार गृहको निरीक्षण गर्नु भई त्यहाँ राखिएका कैदीबन्दीसँग भेट गरी उनीहरूका पीरमर्का, गुनासाहरूबारे जानकारी लिनुभयो। त्यस्तै कारागार कार्यालय डिल्लीबजारका महिला र पुरुष ब्लकहरूमा पुगी त्यहाँ राखिएका बन्दीहरूसँग समेत भेटघाट गर्नुभई राज्यका तर्फबाट बन्दीहरूलाई उपलब्ध गराइएका सुविधा प्राप्तिको अवस्थाबारे चासो व्यक्त गर्नुभयो।

निरीक्षणको क्रममा सम्बन्धित कारागारका प्रशासकहरूले कारागारको क्षमता, भौतिक अवस्था बन्दीहरूको सङ्ख्यालगायतबारे मन्त्री अर्याललाई जानकारी गराउनुभयो। मन्त्री अर्यालले कारागारमा रहेका वृद्ध तथा दीर्घरोगी बन्दीहरूको सम्बन्धमा चिन्ता र चासो व्यक्त गर्नु भई उनीहरूको सजाय भुक्तानका सम्बन्धमा कानुनअनुसार प्राप्त हुने राहत उपलब्ध गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

मन्त्री अर्यालले कारागारहरूको निरीक्षणपश्चात् बन्दीगृहमा मानवअधिकारको प्रत्याभूतिमा कुनै सम्झौता नगर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिनुभयो। रासस


**Government of Madhesh Province**

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

## Infrastructure Development Office, Dhanusha

## Invitation for Bidders

**Date of Publication: 2082/10/14 (28th January, 2026)**

1. Infrastructure Development Office (IDO), Dhanusha, invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the following works underNCB Procedure. Only eligible bidders should participate in this bidding:

| S. N. | Contract Number | Description of work | Type | Estimate Amount in NRs. (Exclusive PS &VAT) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDO/Dhanusha/Works/NCB/01-082/083 | Construction of Asphalt Main Road from north tole to south tole , Dhanushadham- | Works | 84,31.616.22/- | 2,30,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 2 | IDO/Dhanusha/Goods/NCB/01-082/083 | The Procurement of supply and delivery of goods for the arrangement of Conference/ Meeting Hall of Maithili Bikash Kosh, Janakpurdham | Goods | 42,47,818.35/- | 1,20,000/- | 120 days from deadline of bid submission | 3,000/- | |

2. Date of Purchasing, Submission& Opening of Bids

| Deadline of Bid Purchasing | Deadline of Bid Submission | Date of Bid Opening | Employer's Bank Account for Purchasing Bid Document | Employer's Bank Account Details forBid Security Cash Deposit |
|---|---|---|---|---|
| On or Before 27th Feb ,2026 (2082-11-15) Till 12:00 hours | On or Before 27th Feb, 2026 (2082-11-15) Till 12:00 hours | On 27th Feb, 2026 (2082-11-15) at 14:00 hours | Rastriya Banijya Bank Ltd Office Code No: -3370117022 Account no: -1000200010000 | Rastriya Banijya Bank Ltd Office Code No: -3370117022 Account no: -1220100202030000 |

3. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.For detail information eligible bidders may visit the IDO,Janakpurdham, Dhanusha

4. All the rights to accept or reject the bids are reserved to IDO, Janakpurdham,Dhanusha without specifying any reasons if any.

**Office Chief**

# 'मिस्टर कोशी' शारीरिक सुगठन प्रतियोगिता सञ्चालन गरिने

धरान ।
धरानमा सातौं 'मिस्टर कोशी प्रदेश-२०८२' खुला शारीरिक सुगठन प्रतियोगिता आयोजना हुने भएको छ ।

शारीरिक सुगठन खेलको विकास तथा विस्तार गर्नाका साथै प्रतिभाशाली खेलाडीलाई प्रतिस्पर्धात्मक मञ्च प्रदान गर्ने र खेलाडीको आर्थिक सशक्तिकरणमार्फत स्वस्थ नागरिक निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो । एलाइनेट जिम धरानद्वारा आयोजित प्रतियोगिता आगामी चैत २७ र २८ गते धरान उपमहानगरपालिका-८ स्थित सभागृह भवनमा सञ्चालन गरिने जनाइएको छ । प्रतियोगिताको पहिलो दिन 'प्रिजजिङ' सञ्चालन गरिनेछ । उक्त चरणमा प्रत्येक तौल समूहबाट ६-६ जना खेलाडी छनोट गरिनेछ । विभिन्न तौल समूहबाट छनोट भएका कुल ३० जना खेलाडी फाइनल चरणमा सहभागी हुने एलाइनेट जिम धरानका अध्यक्ष विक्रम लिम्बूले जानकारी दिनुभयो ।

फाइनल चरणमा प्रत्येक तौल समूहमा प्रतिस्पर्धा गराई प्रथमदेखि छैटौं स्थानसम्मका खेलाडी निर्धारण गरिनेछ । प्रत्येक तौल समूहका प्रथम स्थान प्राप्त खेलाडी मात्र 'ओभरअल' चरणमा सहभागी हुनेछन् । ओभरअल चरणमा प्रवेश गरेका ६ जना खेलाडीबीच पुनः प्रतिस्पर्धा गराई प्रथमदेखि छैटौं स्थानसम्म निर्धारण गरिने जनाइएको छ । ओभरअल चरणमा प्रथम हुने खेलाडीलाई 'सातौं मिस्टर कोशी प्रदेश-२०८२' घोषित गरिने अध्यक्ष लिम्बूले बताउनुभयो ।प्रतियोगितामा ५५, ६०, ६५, ७०, तथा ७५ केजी वजन समूह समावेश गरिएको छ । प्रत्येक तौल समूहमा प्रथम, दोस्रो र तेस्रो हुने खेलाडीलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।




ओभरअल समूहअन्तर्गत प्रथम हुने खेलाडीलाई नगद रु एक लाख २५ हजार, दोस्रो हुनेलाई रु ५० हजार, तेस्रो हुनेलाई रु ४० हजार, चौथो हुनेलाई रु ३० हजार, पाँचौं हुनेलाई रु २५ हजार र छैटौं हुनेलाई रु. २० हजार नगद पुरस्कार प्रदान गरिनेछ । यसैगरी बेस्ट पोजर, मस्कुलर म्यान, मोस्ट इम्प्रुभ र बेस्ट टिम विधाका विजेतालाई जनही रु पाँच हजार नगदसहित ट्रफी र मेडल प्रदान गरिने अध्यक्ष लिम्बूले बताउनुभयो ।रासस

# तेइस सदस्यीय नेपाली राष्ट्रिय महिला फुटबल टोली घोषणा



काठमाण्डु । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले चीनको युनान प्रान्तीय युवा टोलीविरुद्ध मैत्रीपूर्ण खेलका लागि मंगलबार २३ सदस्यीय नेपाली राष्ट्रिय यु-२० महिला टोली घोषणा गरेको छ । चिनियाँ नयाँ वर्षको उपलक्ष्यमा नेपालस्थित चिनियाँ दूतावास र राष्ट्रिय खेलकुद परिषद्को समन्वयमा उक्त खेल हुन लागेको हो । मैत्रीपूर्ण खेल यही माघ १७ गते त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुनेछ । टोलीमा अमिता भुल, अनिशा राई, अस्मिता गुरुङ, भावन परियार, बिर्सना चौधरी, गङ्गा रोकाया, भुमा विश्वकर्मा, कविता गुरुङ, करुणा बुढाथोकी, कुसुम खतिवडा, लीला जोशी र मीना देउवा रहेका छन् । यसैगरी सजिना स्याङ्तान, समीक्षा मगर, सङ्गीता अधिकारी, सानिमामाया लो, सरिताकुमारी नाथ, सेमिहाङ लिम्बू, सिमरन राई, सुजाता तामाङ, पुनम चेमजोङ, पूर्णिमा राई र शुक्रिया मिया टोलीमा छन् ।रासस

# एलाइट कप क्रिकेट प्रतियोगिता मा १४ गतेदेखि

मोरङ । प्रथम 'एलाइट' कप क्रिकेट प्रतियोगिता विराटनगरमा हुने भएको छ । कोशी प्रादेशिक क्रिकेट सङ्घ र नेपाल क्रिकेट फाउन्डेसनको संयुक्त आयोजनामा यही माघ १४ देखि १७ सम्म विराटनगर-६ स्थित मरिलेबन क्रकेट खेलमैदान उक्त प्रतियोगिता हुने यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

प्रतियोगितामा झापा, मोरङ र सुनसरीको टिमको सहभागिता रहने आयोजकले जानकारी दिएको छ । प्रतियोगिताअन्तर्गत माघ १४ गते मोरङ र सुनसरी, १५ गते झापा र मोरङ, १६ गते सुनसरी र झापाबीच खेल हुनेछ भने माघ १७ गते प्रतियोगिताको फाइनल खेल हुने कोशी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सर्वजित अध्यक्ष पाण्डेले बताउनुभयो ।उक्त प्रतियोगितामा प्रधानमन्त्री कप क्रिकेटमा कोशी प्रदेशबाट उत्कृष्ट भएका तीन समूहको सहभागिता रहने पाण्डेले जानकारी दिनुभयो । आगामी दिनमा क्यानको वार्षिक क्यालेण्डरमा एलाइट कप प्रतियोगितालाई समेट्नका लागि पहल गरिने उहाँले बताउनुभयो ।



प्रतियोगिताले कोशी प्रदेशमा क्रिकेटको खस्किएको शाखलाई फर्काउनका लागि प्रयास हुनेछ । पत्रकार सम्मेलनमा मोरङ अध्यक्ष मो सादबाबु, सुनसरी क्रिकेट सङ्घका अध्यक्ष चेतनाथ पौडेलले एलाइट कपको आयोजना हुने गौरवका विषयमा भएको यसलाई दीर्घकालीनसम्म लैजानुपर्नेमा जोड दिनुभयो ।यसैबीच, क्रिकेट खेलको प्रवर्द्धनका लागि कोशी प्रादेशिक क्रिकेट सङ्घ र नेपाल क्रिकेट फाउन्डेनबीच भएको सम्झौताले भुइँतहको क्रिकेट विकासमा सहयोग पुग्ने फाउन्डेनका निर्देशक अभिषेक श्रेष्ठले बताउनुभयो ।रासस

# ट्रम्पको कर चेतावनीले सियोल चिन्तित

एएफपी
सियोल । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अटोमोबाइल, काठ र फार्मास्युटिकल्स लगायत दक्षिण कोरियाबाट आयात हुने सामानहरूमा कर बढाउने घोषणा गर्नुभएपछि दक्षिण कोरियाको सरकारले मङ्गलबार आपतकालीन बैठक बोलाएर स्थिति मूल्याङ्कन गरेको छ ।

राष्ट्रपति ट्रम्पले सोमबार दक्षिण कोरियाले वासिङ्टनसँग यसअघि भएको व्यापार सम्झौताको पूर्ण पालना नगरेको आरोप लगाउँदै ती सामानहरूमा कर बढाउने बताउनुभएको हो । उहाँको घोषणाअनुसार हाल १५ प्रतिशत रहेको कर दर बढेर २५ प्रतिशत पुग्नेछ ।

तर, दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले अमेरिकी पक्षबाट यस्तो कर वृद्धि योजनाबारे आफूहरूलाई पहिल्यै कुनै आधिकारिक सूचना नआएको स्पष्ट पारेको छ । राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म 'ट्रुथ सोसल'मा लेख्दै 'दक्षिण कोरियाको विधायिकाले अमेरिकासँग गरिएको सम्झौताअनुसार काम गरिरहेको छैन' भन्ने दाबी गर्नुभएको छ । उहाँका अनुसार कोरियाली संसद्ले 'हाम्रो ऐतिहासिक व्यापार सम्झौता लागू नगरेकाले' उहाँले कर दर बढाउने निर्णय लिनुभएको हो ।

यस घोषणापछि सियोलमा मङ्गलबार आपतकालीन बैठक बसेको थियो । उक्त बैठकमा हाल क्यानाडामा रहनुभएका व्यापार तथा उद्योग मन्त्री किम जङ्ग-क्वान टाढाबाट सहभागी हुनुभएको थियो । बैठकपछि जारी गरिएको विज्ञप्तिमा दक्षिण कोरियाली सरकारले अमेरिकी पक्षसँग भएको प्रशुल्क सम्झौता कार्यान्वयनप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै शान्त र मापन गरिएको तरिकाले प्रतिक्रिया जनाउने बताएको छ ।

सरकारले वासिङ्टनले घोषणा गरेको कर वृद्धि तत्काल लागू नहुने र सङ्घीय रजिस्टरमा प्रकाशन जस्ता आवश्यक प्रशासनिक प्रक्रिया पूरा भएपछि मात्र प्रभावमा आउने विश्वास व्यक्त गरेको छ । यसैबीच, दक्षिण कोरियाका व्यापार मन्त्री किम यस विषयमा छलफल गर्न अमेरिकी वाणिज्य मन्त्री हावर्ड लुटनिकसँग भेटवार्ता गर्न वासिङ्टन जाने तयारीमा हुनुहुन्छ ।

यो घटनाक्रम वासिङ्टन र सियोलबीच केही महिनाअघि मात्र व्यापार तथा सुरक्षा सम्झौता भएको पृष्ठभूमिमा आएको हो । ती सम्झौताहरूले लामो समयदेखि चलेको तनावपूर्ण वार्तालाई सीमित गर्दै द्विपक्षीय सम्बन्धलाई नयाँ दिशामा लैजाने अपेक्षा गरिएको थियो । गत अक्टोबरमा दक्षिण कोरियाली समकक्षी ली जे म्युङसँग राष्ट्रपति ट्रम्पको भेटपछि अमेरिकी शुल्क कटौती र दक्षिण कोरियाबाट थप लगानीको प्रतिबद्धतासहित सम्झौतालाई अन्तिम रूप दिइएको थियो ।

तर त्यसयता उक्त सम्झौता दक्षिण कोरियामा कानूनी रूपमा अझै लम्बित अवस्थामा रहेको छ । सियोलको राष्ट्रपति कार्यालयले नोभेम्बरमा यस सम्झौताले बाध्यकारी कानूनी दस्तावेजभन्दा बढी समझदारी ज्ञापनपत्रको स्वरूप लिएको तर्क गर्दै संसदीय स्वीकृतिको आवश्यकता नपर्ने जनाएको थियो । सम्झौता संसद्मा पेस गरिएको छ वा छैन भन्ने प्रश्नमा एक वरिष्ठ अधिकारीले मङ्गलबार एएफपीलाई आफूहरूले त्यसबारे समीक्षा गरिरहेको बताउँदै विस्तृत जानकारी दिन अस्वीकार गर्नुभएको छ ।

सम्झौताअनुसार वासिङ्टनले सवारी साधन, कार पार्ट्स र फार्मास्युटिकल्ससहित दक्षिण कोरियाली सामानहरूमा अधिकतम १५ प्रतिशतसम्म कर लगाउने व्यवस्था गरेको थियो । विशेषगरी, यस सम्झौताले दक्षिण कोरियाली कारहरूमा लाग्ने अमेरिकी शुल्क २५ प्रतिशतबाट घटाएको थियो । तर राष्ट्रपति ट्रम्पको पछिल्लो चेतावनी यदि कार्यान्वयनमा आयो भने त्यो व्यवस्था उल्टिनेछ ।

संयुक्त राज्य अमेरिकामा दक्षिण कोरियाको कुल निर्यातमध्ये करिब २७ प्रतिशत अटो उद्योगले ओगटेको छ, जुन देशको कुल कार निर्यातको लगभग आधा हिस्सा हो । उच्च कर दरमा पुनः फर्किनु परेमा दक्षिण कोरियाली निर्यात जापान र युरोपेली सङ्घ (इयु) जस्ता अर्थतन्त्रहरूको तुलनामा कमजोर स्थितिमा पर्न सक्ने विश्लेषकहरूको भनाइ छ, किनकि ती दुवैले अमेरिकासँग १५ प्रतिशत करमै सहमति गरिसकेका छन् ।

हालसम्म ट्रम्प प्रशासनले कर परिवर्तन लागू गर्न आवश्यक औपचारिक सूचनाहरू सार्वजनिक गर्न बाँकी नै राखेको छ ।

# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल माघ महिना १४ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय लहानबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

### १) क) कर्जा शिर्षक : व्यवसायिक आवधिक तथा अधिविकर्ष कर्जा

**ऋणीको विवरण**

नाम : **माँ लक्ष्मी स्न्याक्स फुड प्रोडक्टस** प्रोपाइटरको नाम : भविशेक कुमार महतो
सा.फ./प्रा.फ.न.घ.उ.सि. : ११९२३/०७७/०७८ दर्ता मिति : २०७७/०९/२४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय लहान, सिरहा स्थायी लेखा नं. : ६१४७६५८१४
फर्मको ठेगाना : सिरहा जिल्ला हनुमाननगर वडा नं. २ हाल, धनगढीमाई न.पा. वडा नं. ३

**प्रोप्राइटरको विवरण**

लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

२) राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

३) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **राम अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

४) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

### ख) कर्जा शिर्षक : व्यवसायिक आवधिक, डिमाण्ड तथा अधिविकर्ष कर्जा

**ऋणीको विवरण**

नाम : **माँ लक्ष्मी मसला उद्योग** प्रोपाइटरको नाम : सम्पुर्णी कुमारी महतो
सा.फ./प्रा.फ.न.घ.उ.सि. : ११९२४/०७७/०७८ दर्ता मिति : २०७७/०९/२४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय लहान, सिरहा स्थायी लेखा नं. : ६१३१३८३७६
फर्मको ठेगाना : सिरहा जिल्ला हनुमाननगर वडा नं. २ हाल, धनगढीमाई न.पा. वडा नं. ३

**प्रोप्राइटरको विवरण**

राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

२) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

३) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने राम **अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

४) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

### ग) कर्जा शिर्षक : मोर्टगेज आवधिक कर्जा

**ऋणीको विवरण**

राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **राम अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

२) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

३) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

४) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

### घ) कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा

**ऋणीको विवरण**

नाम : **एस पि किराना एण्ड सप्लायर्स** प्रोपाइटरको नाम : सम्पुर्णी कुमारी महतो प्रा.फ.र.न. : ११७६२/२०७६/०७७
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय लहान, सिरहा दर्ता मिति : २०७६/११/१५
फर्मको ठेगाना : सिरहा जिल्ला हनुमाननगर वडा नं. २ हाल, धनगढीमाई न.पा. वडा नं. ३
स्थायी लेखा नं. : ६१३१३८३७६

**प्रोप्राइटरको विवरण**

राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

२) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

३) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

४) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **राम अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

५) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ बैशाख महिना २३ गतेको नेपाल समाचारपत्र दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८२ मंसिर महिना २५ गतेको जनकपुर टुडे दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :**
निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| सम्पुर्णी कुमारी महतो | सिराहा जिल्ला हनुमानगर वडम नं. २ | २ | ११०८ | २८७.८१ |
| | | | ११५४ | ७५३.४५ |
| | | | ११३० | २३.२८ |
| | | | ७४५ | २५.३९ |
| | | | ११११ | ५०.७९ |
| | | | ११३१ | १२६.९७ |
| | | | ११०९ | ३०४.७४ |
| | | | ११५३ | ७५३.४५ |
| | | | १११० | १६.९३ |
| | | | ११२३ | ५०७.९३ |
| | | | ११२१ | ६०९.५१ |
| | | | ६०३ | ९३९.६७ |

### २) कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

**ऋणीको विवरण**

मोहन चौधरीको नाति बंशिलाल चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **श्री नारायण चौधरी** (ना.प्र.नं. : ६४०-२३३/७४९ जारी मिति र जिल्ला : २०४६/०२/२५, सिराहा)

**प्रोप्राइटरको विवरण**

१) मोहन चौधरीको छोरी बंशिलाल चौधरीको बुहारी श्री नारायण चौधरीको पत्नी सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **भालसैर चौधरी थरुनी** (ना.प्र.नं. : १५-०१-७१-०४१४२ जारी मिति र जिल्ला : २०७१/०६/०६, सिराहा)

२) मोहन चौधरीको नाति बंशिलाल चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **सत्यनारायण चौधरी थारु** ( ना.प्र.नं : २३३/७४९ जारी मिति र जिल्ला : २०४४/१०/२७, सिराहा)

३) लक्ष्मण चौधरीको छोरी बंशिलाल चौधरीको बुहारी सत्यनारायण चौधरी थारुको पत्नी सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **मिना देवी चौधरी थरुनी** (ना.प्र.नं : १५-०१-७०-०७०२९ जारी मिति र जिल्ला : २०७०/०२/०९, सिराहा)

४) मोहन चौधरीको नाति बंशिलाल चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **देवनारायण चौधरी** (ना.प्र.नं : ९०८३-८६२-२१४ जारी मिति र जिल्ला : २०३९/०६/२०, सिरहा)

५) बंशिलाल चौधरीको बुहारी देवनारायण चौधरीको पत्नी सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **बैर्सि देवी चौधरी** ( ना.प्र.नं : ९०८३३६५५ जारी मिति र जिल्ला : २०४६/०५/२१, सिराहा)

६) बिसन चौधरीको नाति मोहन चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **बंशिलाल चौधरी** (ना.प्र.नं : ९०८३७४९ जारी मिति र जिल्ला : २०३९/०१/०६, सिराहा)

७) बंशिलाल चौधरीको नाति श्रीनारायण चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने चन्दन कुमार चौधरी (ना.प्र.नं : १५-०१-७१-०३३८६ जारी मिति र जिल्ला : २०७१/०५/०२, सिराहा)

८) बंशिलाल चौधरीको नाति देवनारायण चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **संजिब कुमार चौधरी** (ना.प्र.नं : ९०८०४३५३ जारी मिति र जिल्ला : २०६२/०२/२७, सिराहा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ साल बैशाख २३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८२ साल भदौ महिना ३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :**
निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| वंशिलाल चौधरी | सिराहा जिल्ला सुखीपुर वडा नं. ४ | ४ | १५ | ९२८.२० |
| | | | ६६ | २७३.०० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२ साल फागुन महिना ५ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय लहान आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल फागुन महिना ६ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय लहानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# 'ब्लु हिल'मा पर्यटकीय पूर्वाधार निर्माण गरिँदै

गलकोट । बागलुङ नगरपालिकाको गौरवको आयोजनाका रूपमा रहेको बागलुङ नगरपालिका-९ स्थित 'ब्लु हिल'मा अहिले पूर्वाधार निर्माणलाई तीव्रता दिइएको छ । आगामी असार मसान्तसम्म दुई करोड ५० लाख बराबरको भौतिक संरचना तयार हुनेगरी तीव्र गतिमा निर्माण भइरहेको हो ।

यसअघि बागलुङ नगरपालिकाले जग्गा व्यवस्थापन, शौचालय तथा सत्तल निर्माणमा रु ७० लाख खर्च गरिसकेको छ । आँखैअघि देखिने दुई दर्जन हिमशृङ्खला र बागलुङ बजारको दृश्यले बागलुङको डोयलाई पर्यटकीय केन्द्र बनाउनका लागि नगरपालिकाले 'ब्लु हिल' नामकरण गरेको थियो । ब्लु हिललाई धार्मिक तथा पर्यटकीय गन्तव्य बनाउनका लागि पूर्वाधार निर्माण गत वर्षदेखि थालिएको हो । रु २५ करोडको पूर्वाधार बनाउने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा उल्लेख गरिएको छ ।

गत वर्ष पहिलो चरणअन्तर्गत रु ७० लाखको र चालु आवमा दोस्रो चरणअन्तर्गत रु दुई करोड ५० लाखको काम भइरहेको बागलुङ-९ तित्याङका वडाध्यक्ष राजु थापाले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले ब्लु हिलमा निर्माण गर्ने २० फिट शिवको मूर्ति राख्नका लागि आवश्यक दुईतला पक्की भवन बनाउने काम भइरहेको छ ।



डोयको निलो पहाडलाई ब्लु हिलका रूपमा परिणत गर्न नगरपालिकाले बजेट विनियोजन गरी लगानी गरिरहेको छ । यस वर्ष रु दुई करोड ५० लाखको पूर्वाधारसहित शिवमूर्ति निर्माण गर्न निर्माण कम्पनी क्वालिसट रिन्युयबल इनर्जीले तीव्रताका साथ काम गरिरहेको छ । प्राकृतिक क्षेत्रमा धार्मिक पूर्वाधार बनाएर पर्यटक भित्र्याउने उद्देश्य राखिएको बागलुङ नगरपालिकाले जनाएको छ ।

पर्यटकीय गन्तव्य बनाउन बागलुङ नगरपालिकाले गत वर्षदेखि नगरकै गौरवको योजनाका रूपमा डोयको पहाडलाई ब्लु हिल नामकरण गरेर पर्यटकीय पूर्वाधार निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर काम अघि बढाएको थियो ।

मनोरम प्राकृतिक सौन्दर्यता भएको डोयको डाँडालाई नगरपालिकाले 'ब्लु हिल' नामकरण गरेपछि नगरपालिकाले लगानी गरिरहेको बागलुङ-९ का वडाध्यक्ष थापाले जानकारी दिनुभयो । "नगरकै ठूलो लगानीमा पूर्वाधार निर्माण थालिएको छ, हामीले पहाडमाथि शिवमूर्ति बनाएर धार्मिक पर्यटक र प्रकृतिप्रेमी पर्यटक भित्र्याउने उद्देश्य राखेका छौँ, ठूलो पूर्वाधार बने पनि स-साना पूर्वाधार पछि बन्दछन्", उहाँले भन्नुभयो, "पर्यटकीय गन्तव्य बनेपछि अन्य पूर्वाधारले प्राथमिकता पाउनेछन्, त्यहाँ पुग्ने सडक भने सुधारको आवश्यक छ ।"

ब्लु हिल पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न रु २४ करोड ५६ लाख २२ हजारको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरेको थियो । गत वर्ष जग्गा सम्याउने, पर्खाल लगाउने, सत्तल निर्माण गर्ने र शौचालय बनाउने काम सम्पन्न भएको गियो । यस क्षेत्रमा वनभोजस्थल, ध्यानकेन्द्र, दृश्य अवलोकनस्थल, जिमहल, मन्दिर, पार्किङलगायत अतिरिक्त पूर्वाधार निर्माण गर्ने डिपिआरमा उल्लेख छ ।

दृश्यावलोकनका लागि ब्लु हिलमा आन्तरिक पर्यटक पुर्‍याउन नगरपालिकाको ठूलो लगानी भइरहेको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । नगरपाकिलाको उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न नगरपालिकाले आन्तरिक बजेटबाट ठूलो लगानी गरिरहेको बताउँदै ब्लु हिलमा थामिनसक्नु धार्मिक पर्यटक भित्रने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

"नगरपालिकाभित्रको पर्यटकीय सम्भावना बोकेको डोय प्राकृतिक रूपमा सुन्दर र हरियाली छ । आँखै अगाडि हिमाल र बागलुङ बजार देखिन्छ । प्रकृति र धर्मलाई सँगै जोडेर पर्यटक भित्र्याउनेगरी पक्की संरचना निर्माणले गति लिएको छ । अहिले एकसाथ १६ वटा खम्बा खडा गरिएको छ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "ब्लु हिल स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्नेगरी नामकरण गरेका छौँ । मौसम खुलेको समयमा यहाँ आउने जो-कोहीले हरियाली पहाडबाट धौलागिरि, माछापुच्छ्रे, नीलगिरि अन्नपूर्णलगायत दुई दर्जन हिमालसँगै बागलुङ बजार देख्न सकिन्छ ।"

समुन्द्री सतहबाट करिब दुई हजार २०० मिटरको उचाइमा पर्यटकीय पूर्वाधार निर्माण गर्न थालेपछि ब्लु हिलले चर्चा पाउन थालेको छ । विस्तृत परियोजना प्रतिवेदनका अनुसार योजनाले पूर्णता पाउन भने समय लाग्नेछ ।रासस

# रसुवा भन्सार कार्यालयद्वारा एक अर्ब १६ करोड राजस्व सङ्कलन

रसुवा । रसुवा भन्सार कार्यालयले चालु आर्थिक वर्षको छ महिनामा रु एक अर्ब १६ करोड राजस्व सङ्कलन गरेको छ । हाल करिब दुई सयवटा मालवाहक कन्टेनरका सामग्रीको परीक्षण भइरहेको छ ।७४औँ भन्सार दिवसको अवसरमा आयोजित कार्यक्रममा प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले सो जानकारी दिनुभयो ।

कार्यालयले विशेष कार्यक्रमको आयोजना गरी सोमबार भन्सार दिवस मनाएको छ । गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीका कारण सुक्खा बन्दरगाह क्षेत्रमा थुप्रिएको ढुङ्गा, बालुवा हटाउने कार्य नेपाल इन्टर मोडल यातायात विकास समितिमार्फत भइरहेको प्रमुख भन्सार अधिकृत भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्मको सरसफाइबाट करिब दुई सय ५० वटा ट्रक अट्ने वातावरण बनेको छभने केही भागमा अझै सफाइ बाँकी छ ।

सो अवसरमा उत्कृष्ट कार्य गर्ने दुई व्यवसायी र चार जना कर्मचारीलाई सम्मान गरिएको थियो । व्यवसायीतर्फ विद्युतीय सवार ीसाधन आयात गरी गत आवमा रु तीन अर्ब २१ करोड राजस्व बुझाउने सिजी मोटर सप्लायर्स तथा रु ७४ करोडबराबरको सामग्री



निर्यात गर्ने फिन्जो सोनाम सप्लायर्स काठमाडौँलाई सम्मान गरिएको हो । कर्मचारीतर्फ नायबसुब्बा रमेश ज्ञावली, इलेक्ट्रिसियन राजु ओली, हल्का सवारी चालक श्यामकुमार सिलवाल र कार्यालय सहयोगी नरेशदत्त जोशीलाई सम्मान गरिएको छ ।

रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा गोसाइँकुण्ड गाउँपालिका-२ का वडाध्यक्ष कामीछिरिङ तामाङ, रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङ, समाजसेवी मीना थापामगर, भन्सार एजेन्ट सङ्घका अध्यक्ष सुरेन्द्रप्रसाद सुवेदी, नेपाल सीमापार व्यापार सङ्घका सहकोषाध्यक्ष सुमन श्रेष्ठ, सिन्धुपाल्चोक वाणिज्य सङ्घका उपाध्यक्ष इन्द्र राउतलगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

सो अवसरमा रसुवागढी नाकालाई नीति-नियमअनुसार सञ्चालन गर्दै उत्तरी नाकाको गरिमा अझ उच्च बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा वक्ताहरूले जोड दिनुभयो । साथै सडक सुधार कार्ययोजना सफल बनाउन सबैको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै चीन सरकारको सहयोगमा सुधार हुन लागेको सडकको पहिलो चरणमा असहज मोडहरू सिधा बनाउन सवारी चालकहरूले माग गरेका छन् ।रासस

# कुखुराको भालेलाई 'अप्रेसन' गरेर बधिया बनाइँदै

घोराही । घोराही उपमहानरपालिका-१३ बडहराका जानकी चौधरीको मुख्य पेसा बधिया भालेपालन हो । उहाँको दैनिकी भालेको स्याहार र हेरचाहामा बित्ने गर्छ । बधिया भाले बिक्रीबाट राम्रो आम्दानी पनि लिइरहेको उहाँ बताउनुहुन्छ ।

"स्थानीय कुखुराको भालेलाई 'अप्रेसन' गरेर उसको अण्डकोष निकालेपछि भाले बधिया बन्छ", उहाँले भन्नुभयो, "यो सीप सिकेपछि मैले आफैँ यो विधिको सुरुआत गरेर भाले बधिया बनाउने काम सुरु गर्न थालेँ ।" बधिया भालेको मासु छ ।खुला ठाउँ भएका गाउँघरमा थोरै जमिन भए पनि बधिया भाले पाल्न सहज हुने उहाँ बताउनुहुन्छ । सजिलो र कम लगानीमा गर्न सकिने भएकाले यो आकर्षक व्यवसाय बनेको छ । दङ्गाली पोल्टी फार्म दर्ता गरेर व्यवसाय गर्दै आउनुभएका जानकीलाई श्रीमान्को पनि सहयोग मिलेको छ ।

बधिया भालेको व्यावसायिक पालनबाट राम्रो आम्दानी पनि हुँदै आइरहेको छ, त्यसकारण विगत लामो सयमदेखि निरन्तरता दिँदै आइरहेका छौँ । उहाँले भन्नुभयो, "सबै काम आफैँले जानेपछि पछिल्लो समय झन् सहज भएको



बढी स्वादिलो हुने भएकाले पनि यसको खोजी व्यापक बन्दै गएको उहाँ बताउनुहुन्छ ।आठ वर्षदेखि व्यावसायिक रूपमा बधिया भोलेपालन गर्दै आउनुभएका किसान चौधरीले आगामी दिनमा यसलाई बढाउँदै लैजाने योजना बनाउनुभएको छ । अहिले पनि ६० बढी फार्ममा भाले रहेको उहाँ बताउनुहुन्छ । एउटा भालेलाई रु तीन हजार बढी पर्ने उहाँको भनाइ छ । बधिया भाले सामान्यतया दुई, साढे दुई किलोको हुने गर्छ ।

उहाँले यो व्यवसायबाट वार्षिक रूपमा रु चारदेखि छ लाखको कारोबार गर्ने र घरखर्च चलाएर आधा रकम बचत हुँदै आएको बताउनुभयो । उहाँले साना भाले किनेर पाल्नुहुन्छ । यसका लागि लोकल कुखुरा पाल्ने स्थानीय किसानसँग सम्पर्क गर्दै आउनुभएको छ । यसरी किनेका भाले चार महिनापछि बधिया बनाउने गर्दै आउनुभएको छ, बिक्रीका लागि पनि कुनै समस्या छैन ।" किसान चौधरीले सहज रूपमा बिक्री गर्दै आइरहनुभएको छ । अघिपछिभन्दा चाडपर्वको समयमा बधिया भालेको झन् धेरै माग आउने गरेको उहाँको भनाइ छ ।

"साना चल्ला हुर्काएर, बधिया बनाएर बेच्दा दोब्बर मूल्य पाउन सकिन्छ", उहाँले भन्नुभयो, "यो व्यवसाय गरेदेखि आयआर्जनका लागि अन्य काम खोज्नुपरेको छैन ।" उहाँले उत्पादन गरेको बधियो भाले काठमाडौँ, पोखरालगायतका ठाउँसम्म पुग्ने गरेको छ ।जानकीमात्र होइन जिल्लाका अधिकांश किसान बधिया भालेपालनमा सक्रिय छन् । बजारमा माग उच्च र पर्याप्त मूल्य पाउने भएका कारण पछिल्लो केही वर्षयता बधिया भाले दाङको प्रमुख पहिचान नै बन्दैछ ।रासस

# 'एसियन हाइवे' निर्माण दुई वर्षमा ३५ प्रतिशत

बेलबारी । सडक सञ्जालमार्फत एसियाली राष्ट्रलाई जोड्ने मुख्य उद्देश्यका साथ अगाडि बढाइएको 'एसियन हाइवे' काँकरभिट्टाबाट लौकही सडकखण्डमा निर्माण सुरु भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको छ ।

आइतबारदेखि झापाको पाडाजुगीबाट पश्चिम सडक पहिलो चरणको एकलेन कालोपत्र सुरु भएको आयोजनाअन्तर्गत पश्चिम खण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले बताउनुभयो । निर्माण सम्झौता भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको उहाँले जानकारी दिनुभयो । प्रमुख प्रजापतिका अनुसार एसियन राजमार्ग नं २ अन्तर्गत काँकरभिट्टाबाट लौकहीसम्मको १२० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ दशमलव ७६ किमी सडक मात्र ठेक्का लागेर काम भइरहेको छ । पूर्वी खण्ड र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको उहाँले उल्लेख गर्नुभयो ।



हालसम्म दुवैखण्डमा गरी करिब २० किलोमिटर एकतर्फी सडकमा पहिलो चरणको कालोपत्र सकिएको छ । आयोजना पूर्वी खण्ड दमक कार्यालयका प्रमुख सुनीलबाबु पन्तका अनुसार पूर्वीखण्डमा पनि करिब ३५ प्रतिशत काम सम्पन्न भएको बताउनुभयो ।

निर्माण सामग्री उपलब्धतामा सहजता भएमा कामले तीव्रता पाउने पन्तले बताउनुभयो । पूर्वी खण्डमा बिजुलीका खम्बा सार्ने काम करिब ८० प्रतिशत सकिएको जनाउँदै उहाँले पश्चिम खण्डमा करिब ४० प्रतिशत मात्र काम भएको बताउनुभयो । बजार क्षेत्रका खम्बा सार्न बाँकी रहेको आयोजना कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पूर्वी खण्डका ठूला पुल निर्माणमा २३ प्रतिशत प्रगति भएको छ भने पश्चिम खण्डमा २५ प्रतिशत प्रगति भएको छ ।

एसियन हाइवे थाइल्याण्डको बैंककबाट सुरु भई म्यान्मा, बङ्गलादेश, भारत हुँदै नेपालको काँकडभिट्टाबाट पूर्व-पश्चिम राजमार्ग भएर भारतको दिल्ली हुँदै पाकिस्तानको कराँचीसम्म पुग्नेछ । तीन वर्षमा निर्माण सम्पन्न गर्ने योजनाका साथ एशियाली विकास बैंकको आर्थिक सहयोगमा विसं २०८० माघ १९ गतेदेखि सडक निर्माण काम सुरू भएको हो । यो आयोजना निर्माणमा ३० करोड अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ ।रासस


## ढल्केबर सौर्य विद्युत आयोजना, बर्दिबास (२० मेगावाट) को वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/१०/१४)

मधेश प्रदेश, महोत्तरी जिल्ला, बर्दिबास नगरपालिकामा टेरा सोल इनर्जी कम्पनि लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | संस्थाको नामः टेरा सोल इनर्जी कम्पनि लि.<br>ठेगानाः बालुवाटार, काठमाडौं<br>फोन नं.: ०१-४५०२१२३<br>इमेलः terrasolenergycompany@gmail.com |
| प्रस्तावको व्यहोरा | बर्दिबास नगरपालिका वडा नं. ६ मा २० मेगावाट क्षमताको ग्रिडमा आबद्ध सौर्य विद्युत आयोजना निर्माण तथा संचालन |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा | मधेश प्रदेश, महोत्तरी जिल्ला, बर्दिबास नगरपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था, सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| टेरा सोल इनर्जी कम्पनि लि.<br>बालुवाटार, काठमाडौं<br>०१-४५०२१२३<br>इमेलः terrasolenergycompany@gmail.com | इन्भाइरोलिप स्विच प्रा.ली.<br>बुद्धनगर, बानेश्वर काठमाडौं (रोजबड स्कुल पछाडी)<br>९८०८३७२१८९<br>इमेलः info@enviroleap.com.np |



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/१४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय निजगढ, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/१०/२८ गते/स्थान : शाखा कार्यालय निजगढ, बारा | २०८२/११/०१ गते, शुक्रबार दिनको १ बजे |

**क्र.सं. | शाखा कार्यालय : निजगढ, बारा**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : मदन तरकारी तथा तरकारी फलफुल सप्लायर्स**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारा
दर्ता नं. १०३१७/०७७/७८, दर्ता मिति : २०७७/१०/१३, पान नं. ६१५०३६७०४, दर्ता मिति : २०७७/१०/२०
ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९, **प्रोप्राइटर : मदन राउत**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : मदन राउत**<br>ना.प्र.नं. ३२२०९७/०९६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०९/१८<br>बाबुको नाम : मोहन राउत कुर्मी<br>बाजेको नाम : लक्ष्मण राउत कुर्मी<br>ठेगाना : रौतहट जिल्ला, विश्रामपुर वडा नं. ९<br>हाल : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ | **२. नाम : मोहन राउत कुर्मी**<br>ना.प्र.नं. ९६०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/०२/०४<br>बाबुको नाम : लक्ष्मण राउत कुर्मी<br>बाजेको नाम : किसुन राउत<br>ठेगाना : रौतहट जिल्ला, विश्रामपुर वडा नं. ९<br>हाल : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ |
| **३. नाम : कमला देवी**<br>ना.प्र.नं. ३२३०९७/१२२९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०४<br>पतिको नाम : मोहन राउत कुर्मी<br>ससुराको नाम : लक्ष्मण राउत कुर्मी<br>ठेगाना : रौतहट जिल्ला, विश्रामपुर वडा नं. ९<br>हाल : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ | **४. नाम : अरुण राउत**<br>ना.प्र.नं. ३२२०९७/३९६९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०३/१८<br>बाबुको नाम : मोहन राउत कुर्मी<br>बाजेको नाम : लक्ष्मण राउत कुर्मी<br>ठेगाना : रौतहट जिल्ला, विश्रामपुर वडा नं. ९<br>हाल : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ |

**धितोको विवरण**

कमला देवीको नाममा मालपोत कार्यालय बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ क स्थित कित्ता नं. ६७८ को क्षेत्रफल ०-०-१० भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : बृजेश किराना स्टोर**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, गौर, रौतहट
दर्ता नं. १००७७/८९७, दर्ता मिति : २०७७/०८/२३, पान नं. ६१४४३६४२०, दर्ता मिति : २०७७/०८/२३
ठेगाना : रौतहट जिल्ला, मौलापुर वडा नं. ५, **प्रोप्राइटर : त्रिवेणी राउत माली**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : त्रिवेणी राउत माली**<br>ना.प्र.नं. ३९३८, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६१/१२/१५<br>बाबुको नाम : प्रेमलाल राउत माली<br>बाजेको नाम : इनरदेव राउत माली<br>ठेगाना : रौतहट जिल्ला, पतौरा वडा नं. ४<br>हाल : रौतहट जिल्ला, मौलापुर वडा नं. ५ | **२. नाम : गीता देवी**<br>ना.प्र.नं. ३२३०४०/१७९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/२१<br>पतिको नाम : त्रिवेणी राउत माली<br>ससुराको नाम : प्रेमलाल राउत माली<br>ठेगाना : रौतहट जिल्ला, पतौरा वडा नं. ४<br>हाल : रौतहट जिल्ला, मौलापुर वडा नं. ५ |

**३. नाम : बृजेश कुमार राउत माली**
ना.प्र.नं. ३२-०१-७१-००८५४, जि.प्र.का. रौतहट, जारी मिति : २०७१/०२/११
बाबुको नाम : त्रिवेणी राउत माली, बाजेको नाम : प्रेमलाल राउत माली
ठेगाना : रौतहट जिल्ला, पतौरा वडा नं. ४, हाल : रौतहट जिल्ला, मौलापुर वडा नं. ५

**धितोको विवरण**

गीता देवीको नाममा मालपोत कार्यालय मौलापुरमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, पतौरा वडा नं. ४ स्थित कित्ता नं. ३९८ र १०३० को क्षेत्रफल क्रमशः ०-४-३ र ०-०-७$^{३/४}$ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : निजगढ, बारा, फोन नं. ०५३-५४०३७०
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## प्रतिनिधिसभा निर्वाचनः

# मधेशबाट ५९ जेन- जी युवा उम्मेदवार

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनपछि हुन लागेको प्रतिनिधिसभासदस्यकोनिर्वाचनमा मधेश प्रदेशबाट ५८ जना जेन- जी पुस्ताका युवा उम्मेदवार बनेका छन् ।

निर्वाचन आयोगको तथ्यांक अनुसार तीमध्ये दुई जना महिला र ५६ जना पुरुष रहेका छन् ।

आयोगले जनाए अनुसार जेन- जी पुस्ताका उम्मेदवारमध्ये ४१ जना स्वतन्त्रतर्फबाट र १७ जना विभिन्न राजनीतिक दलबाट चुनावी मैदानमा उत्रिएका हुन् । युवाको बढ्दो राजनीतिक सक्रियताले यसपटकको निर्वाचनलाई थप रोचक बनाउने विश्वास गरिएको छ ।

दलगत रूपमा हेर्दा उज्यालो नेपाल पार्टी र जनमत पार्टीले समान तीन/तीन जना जेन- जी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् । श्रम संस्कृति पार्टीले दुई जना युवा उम्मेदवार उठाएको छ ।

त्यस्तै नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा, आम जनता पार्टी (एकल चुनाव चिह्न), जन अधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी तथा नेपालका लागि नेपाली पार्टीले एक-एक जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् ।

नेकपाबाट धनुषा- ४ मा ई. संजयकुमार महतोले उम्मेदवारी दिएका छन् ।



उज्यालो नेपाल पार्टीले सिरहा क्षेत्र नम्बर- ३ बाट २६ वर्षीय श्रवण पासवान, महोत्तरी-१ बाट २८ वर्षीय मनोज कुमार गुप्ता र रौतहट-२ बाट २५ वर्षीय रामाकान्त प्रसाद पटेललाई उम्मेदवार बनाएको छ ।

जनमत पार्टीले महोत्तरी-१ बाट २७ वर्षीय विरेन्द्र महतो, रौतहट-२ बाट २८ वर्षीय सोनु कुशवाहा र रौतहट-४ बाट २८ वर्षीय रामकल्याण राउतलाई उम्मेदवार बनाएको छ ।

त्यस्तै श्रम संस्कृति पार्टीले सिरहा-४ बाट २६ वर्षीय पंकज कुमार ठाकुर र पर्सा-१ बाट २८ वर्षीय वसिम शेषलाई उम्मेदवार बनाएको छ ।

नेकपा एमालेले सर्लाही-४ बाट पूर्व सांसद शिवपुजन यादवका छोरा २७ वर्षीय अमनिश कुमार यादवलाई उम्मेदवार बनाएको छ । उक्त क्षेत्रमा नेपाली कांग्रेसका सभापति गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं पूर्व सांसद अमरेश सिंहलगायतका प्रभावशाली उम्मेदवारबीच प्रतिस्पर्धा हुने देखिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले सिरहा-१ बाट पूर्व युवा तथा खेलकुद मन्त्रीसमेत भइसकेका २८ वर्षीय बब्लु गुप्तालाई उम्मेदवार बनाएको छ । नेकपाले बारा-४ बाट २७ वर्षीय अजय कुशवाहालाई उम्मेदवार बनाएको छ ।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले सप्तरी-२ बाट २७ वर्षीय अजय कुमार दास र नेपाल मजदुर किसान पार्टीले सोही क्षेत्रबाट निलम कुमारी यादवलाई उम्मेदवार बनाएको छ ।

यसपटकको निर्वाचनमा जेन- जी पुस्ताको उल्लेखनीय सहभागिताले मधेश प्रदेशको राजनीतिक नेतृत्वमा पुस्तान्तरणको संकेत दिएको विश्लेषकहरू बताउँछन् । युवाको उपस्थितिले पुराना राजनीतिक अभ्यासमा परिवर्तन ल्याउने विश्वास गरिएको छ ।

## गुजरा नगरपालिकामा तनावः

# उपमेयरमाथि हातपात र गाडी तोडफोड

**घटनाको पृष्ठभूमिमा मलखाद वितरणको विषय जोडिएको देखिन्छ । उपमेयर लामाका अनुसार वडा नं । १ मा सहकारी संस्थामार्फत किसानलाई मलखाद वितरण भइरहेको थियो । तर मेयर चौधरीका आफन्तहरूले नयाँ डिलर दर्ता गर्नुपर्ने भन्दै पुराना डिलरबाट मल नलिन दबाब दिँदै आएका थिए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहटको गुजरा नगरपालिकामा उपमेयर रत्ना लामामाथि हातपात र उनको सवारी साधन तोडफोड भएको घटनाले स्थानीय राजनीति तातेको छ । उपमेयर लामाले उक्त घटनामा मेयर सन्तलाल प्रसाद चौधरी निकट व्यक्तिहरूको संलग्नता रहेको गम्भीर आरोप लगाएकी छन् भने मेयर पक्षले भने आरोप अस्वीकार गरेको छ ।

सोमबार अपराह्न नगरपालिका कार्यालय परिसरमै आफू बसिरहेको अवस्थामा करिब २५ जना महिलाको समूह आएर आफूलाई भुइँमा लछारपछार गर्दै कुटपिट तथा दुर्व्यवहार गरेको उपमेयर लामाको भनाइ छ। उनका अनुसार उक्त समूहमा वडा नं ५ का सचिव प्रभु नारायण चौधरीकी श्रीमती देवकी चौधरी र छोरी पुनम चौधरी समेत सहभागी थिए ।

उपमेयर लामाले यो घटना सुनियोजित रहेको दाबी गर्दै मेयर चौधरीको इशारामा उनका नजिकका मानिसहरूले आक्रमण गरेको आरोप लगाएकी छन् ।

उपमेयर लामाका अनुसार कार्यालय पुग्नुअघि नै उनको सवारी साधनलाई लक्षित गर्दै तोडफोड गरिएको थियो। प्रदेश २-०३-००१ भ ००२१ नम्बरको गाडी गुजरा-१ र ९ को सिमानास्थित लमाहा खोला नजिक रोकेर मेयरका आफन्तहरू – मनोज चौधरी लगायतले क्षति पुऱ्याएको उनको दाबी छ ।

उनले थप आरोप लगाउँदै भनिन्, "नगरपालिकाका एक कर्मचारीमार्फत मेरो गाडी चालकसँग फोन गरेर म कहाँबाट, कति बेला आउँदैछु भन्ने जानकारी लिइएको थियो। त्यसपछि योजनाबद्ध रूपमा घटना घटाइएको हो ।" घटनाको पृष्ठभूमिमा मलखाद वितरणको विषय जोडिएको देखिन्छ। उपमेयर लामाका अनुसार वडा नं। १ मा सहकारी संस्थामार्फत किसानलाई मलखाद वितरण भइरहेको थियो। तर मेयर चौधरीका आफन्तहरूले नयाँ डिलर दर्ता गर्नुपर्ने भन्दै पुराना डिलरबाट मल नलिन दबाब दिँदै आएका थिए ।





"मैले कर्मचारीलाई कानुनअनुसार काम गर्न निर्देशन दिएको थिएँ," लामाले भनिन्, "तर त्यसलाई तोडमोड गरेर मैले ठाडो आदेश दिएको भन्ने झुटो आरोप लगाइयो ।"

आफूमाथि भएको दुर्व्यवहार र गाडी तोडफोडबारे इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा लिखित उजुरी दिने तयारी गरेको उपमेयर लामाले जानकारी दिएकी छन् ।

गुजरा नगर कार्यपालिका सदस्य विजय साह बानियाँले पनि घटनामा मेयर निकट व्यक्तिहरूको संलग्नता रहेको आरोप लगाउँदै दोषीमाथि कारबाही नभए भविष्यमा यस्ता घटना दोहोरिन सक्ने चेतावनी दिएका छन् ।

यता मेयर सन्तलाल प्रसाद चौधरीले भने घटनामा आफ्नो कुनै संलग्नता नरहेको बताएका छन्। उनका अनुसार किसानले समयमा मलखाद नपाएको आक्रोशका कारण स्थिति तनावपूर्ण बनेको थियो ।

"म त्यस दिन चन्द्रपुर गएको थिएँ। महिलाहरू आक्रोशित भएर आएका थिए, उपमेयर संयमित भएर कुरा नगर्दा विवाद बढेको हुन सक्छ," मेयर चौधरीले बताएका छन् ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी डीएसपी रुपा लाबुङले घटनाबारे मौखिक जानकारी प्राप्त भएको र अनुसन्धान प्रक्रिया अघि बढाइएको जानकारी दिएकी छन् ।

गुजरा नगरपालिकामा २०७९ सालको स्थानीय निर्वाचनमा जसपाबाट सन्तलाल चौधरी मेयरमा निर्वाचित भएका थिए भने रत्ना लामा नेपाली कांग्रेसबाट उपमेयरमा निर्वाचित भएकी थिइन् ।

## १७औँ दिनमा स्थगित भयो बसको उत्खनन कार्य



**टुडे समाचारदाता**

जनकपुरधाम । तनहुँको आबुखैरेनी गाउँपालिका-५ स्थित दोन्द्राङवेसीस्थित त्रिशूली नदीमा किनारमा भेटिएको गणपति डिलक्स बसको उत्खननकार्य मंगलबारदेखि स्थगित गरिएको छ ।

उत्खनन शुरु भएको १७औं दिनमा स्थगित गर्ने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जनाएका छन् ।

बसको केही भाग पानीबाट निकालिएको र बाँकी भाग निकाल्न समस्या भएपछि काम रोक्ने निर्णय गरिएको उनले बताए ।

गत पुस २६ गते त्रिशूली नदीमा बस भेटिएपछि पुस २७ गतेदेखि सुरु गरिएको उत्खनन कार्यको सोह्रौं दिन हिजो बसभित्र मानव कङ्काल भेटिएको थियो ।

बसको भित्री भागबाट मानव कङ्काल भेटिएको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

विसं २०८१ असार २८ गते चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत सिमलताल क्षेत्रमा गएको लेदोसहितको पहिरोमा परी काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको 'गणपति डिलक्स' बस नदीमा हराएको थियो । सो बस गत पुस २६ गते तनहुँतर्फ नदी किनारमा भेटिएको थियो ।

# सप्तरीमा निर्वाचन आचारसंहिता उल्लंघनका सामग्री हटाइने

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा निर्वाचन आचारसंहिता उल्लंघन गरेर टाँगिएका चुनाव चिह्न उल्लेखित तोरण, झण्डा, पोस्टरलगायतका



सामग्री २४ घण्टाभित्र हटाउने सर्वसम्मती भएको छ । जिल्ला आचारसंहिता अनुगमन समिति, उम्मेदवार, दलका प्रतिनिधि र सरोकारवालाहरूबीच मंगलबार दिउँसो सो सहमति भएको छ ।

सर्वसम्मत अनुसार भएको निर्णयबाट सरकारी भवन, विद्यालय, स्मारक, सडकका पोल वा सार्वजनिक स्थलहरूमा टाँगेका/टाँसेका/लगाइएका दलका तोरण, झण्डा, चिह्न वा पोस्टर सम्बन्धित उम्मेदवार वा दलले नै हटाउने छन् । बैठक सकिएको २४ घण्टाभित्र ती सामग्री हटाउने उम्मेदवार र दलका प्रतिनिधिले प्रतिबद्धता जनाएका छन् ।

सो अवधिमा ती सामग्री नहटाइए निर्वाचन आचारसंहितामा उल्लेख भएअनुसार हुने जिल्ला आचारसंहिता अनुगमन समितिका संयोजक मुख्य निर्वाचन अधिकृत जिल्ला न्यायाधीश किशोर घिमिरेले बताए । 'उहाँ (उम्मेदवार तथा दलका प्रतिनिधि)हरूले आचारसंहिताविपरीतका प्रचार सामग्री हटाउने प्रतिबद्धता गर्नुभएको छ,' उनले भने, ' हटाउनुहुन्छ । हटाउनुभएन भने आचारसंहिताअनुसार अघि बढ्छौं ।'

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले माघ ४ गते राति १२ बजेदेखि निर्वाचन आचारसंहिता लागू गरेको छ । तर यहाँका केही उम्मेदवार तथा दलका नेता/कार्यकर्ताले आचारसंहिता उल्लंघन गरेको पाइएपछि आचारसंहिता अनुगमन समितिले सो बैठकको आयोजना गरेको थियो ।

# धनुषा-३ मा कांग्रेसको प्रचार अभियान गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर-३ ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै व्यापक स्तरमा चुनावी अभियान शुरु गरेको छ ।

कांग्रेसले प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री रामसरोज यादवको संयोजकत्वमा ५ हजार १८४ सदस्यीय प्रचारप्रसार समिति गठन गरेको छ ।

पार्टीका अनुसार मतदातासम्म प्रभावकारी रूपमा पुग्न र संगठनलाई बलियो बनाउन ठूलो संख्यामा समिति बनाइएको छ ।

यस निर्वाचन क्षेत्रमा कांग्रेसले पार्टीका पूर्वउपसभापति विमलेन्द्र निधिलाई उम्मेदवारका रूपमा अघि बढाएको छ ।

प्रचार समितिले घरदैलो कार्यक्रम, आमसभा, टोलभेला तथा विभिन्न जनसम्पर्क कार्यक्रममार्फत मतदाता आकर्षित गर्ने योजना बनाएको जनाएको छ ।

यसका साथै स्थानीय तहसम्म संगठन विस्तार र कार्यकर्ता परिचालनलाई प्राथमिकतामा राखिएको छ ।

पार्टी नेतृत्वले धनुषा-३ मा यसपटक कांग्रेसको जित सुनिश्चित गर्न सबै तहका नेता कार्यकर्तालाई एकताबद्ध भएर लाग्न आग्रह गरेको छ ।

आगामी दिनमा प्रचार अभियानलाई थप सशक्त बनाउँदै लैजाने तयारी रहेको कांग्रेस धनुषाले जनाएको छ ।

# छानबिन समितिपछि खुल्यो अवरुद्ध सडक

**टुडे समाचारदाता**

लहान । सिरहामा १६ वर्षीया एक किशोरीको शव अस्पतालको शवगृहबाट हराएको घटनामा छानबिन समिति गठन भएपछि करिब ५ घण्टादेखि अवरुद्ध सडक खुलेको छ ।



आक्रोशित स्थानीयले पूर्वपश्चिम राजमार्गअन्तर्गत गोलबजारमा गरेको अवरोधपछि इलाका प्रशासन कार्यालय लहानका प्रमुखको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भएको छ ।

वडाध्यक्ष धनप्रसाद लामाका अनुसार घटनाको निष्पक्ष र प्रभावकारी छानबिनका लागि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट र शवगृहको जिम्मेवारीमा रहेका कर्मचारीलाई हटाउने सहमति भएको छ ।

माघ १० गते रमेश वानियाँकी १६ वर्षीया छोरी निशा आफ्नै घरको कोठाभित्र झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । इलाका प्रहरी कार्यालय गोलबजारले आवश्यक मुचुल्का गरी सोही दिन पोस्टमार्टमका लागि रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल लहान पठाएको थियो। शनिबार नै शव अस्पताल पुगे पनि भारतमा रहेका उनका बुबाआमा सोमबार मात्र आएका थिए। पोस्टमार्टमका लागि अस्पताल पुग्दा उनीहरूले निशाको शव भेट्टाएनन् ।

सोही दिन सप्तरीको खडक नगरपालिका-१, करबोना निवासी १६ वर्षीया राधिका साहको शव पनि पोस्टमार्टमका लागि सोही अस्पतालमा ल्याइएको थियो । अस्पतालका अनुसार पोस्टमार्टमपछि एउटा शव बाहिर निकालिएको थियो, जसलाई राधिकाका आफन्तले आफ्नो ठानेर बुझेर लगे पनि पछि अस्पतालले उक्त शव राधिकाको नभई निशाको भएको स्वीकार गरेको छ ।

निशाका आफन्त भने यस विषयलाई मान्न तयार छैनन् । उनीहरूले शव हराउनुलाई रहस्यमय भएको बताएका छन् ।

पूर्वमन्त्री लीलानाथ श्रेष्ठले पनि घटना आशंकापूर्ण भएकोले यसको उचित छानबिन हुनुपर्नेमा जोड दिए ।

# मौलापुरमा हात्तीपाइले रोगविरुद्ध औषधि सेवन अभियान शुरु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिकामा हात्तीपाइले (फाइलेरिया) रोग उन्मूलनका लागि आम औषधि सेवन अभियान आजदेखि औपचारिक रूपमा शुरु भएको छ ।

नगर प्रमुख रीना कुमारी साह, स्वास्थ्य सेवा विभागका चिकित्सक, कर्मचारीहरू तथा जनप्रतिनिधिहरूले स्वयं औषधि सेवन गरेर अभियानको शुभारम्भ गरेका हुन् । नगरपालिकाले सबै नगरवासीलाई अनिवार्य रूपमा औषधि सेवन गर्न अपिल गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहका अनुसार मौलापुर नगरपालिकाभित्र कुल २९ हजार ९५० जना नागरिकलाई औषधि खुवाउने लक्ष्य राखिएको छ ।

मंगलवारदेखि २६ गतेसम्म नगरपालिकाका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरू घरदैलोमा पुगेर नागरिकलाई औषधि सेवन गराउने कार्यक्रम रहेको छ। यस अभियानलाई सफल बनाउन सबै नगरवासीलाई सहयोग गर्न आग्रह गरिएको छ ।

स्वास्थ्यकर्मीका अनुसार दुई वर्षभन्दा माथिका सबै नागरिकले यो औषधि सेवन गर्न मिल्छ ।

थाइराइड, सुगर र उच्च रक्तचाप भएका बिरामीले पनि सुरक्षित रूपमा सेवन गर्न सक्ने बताइएको छ ।

तर २३ महिनाभन्दा मुनिका बालबालिका एक हप्ताभित्रका सुत्केरी महिला,गर्भवती महिला, गम्भीर दीर्घरोगका बिरामीले खान नमिल्ने बताईएको छ ।

नगरपालिकाले हात्तीपाइले जस्तो दीर्घरोगबाट समुदायलाई सुरक्षित राख्न यो अभियान महत्वपूर्ण रहेको भन्दै सबैलाई सचेत र सहभागी हुन अनुरोध गरेको छ ।

# 'स्थानीय भाषा रटेर नाटक गर्दिनँ'

**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेसका सभापतिसमेत रहेका सर्लाही-४ का प्रतिनिधिसभा उम्मेदवार गगन थापाले सर्लाहीका जनतासँग केवल मत माग्न मात्र नभई दीर्घकालीन सम्बन्ध गाँस्न आएको बताएका छन् ।

बलरा नगरपालिकामा मलंगबार आयोजित अगुवा कार्यकर्ता भेटघाट तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै थापाले चुनावका बेला मात्र देखिने 'पाहुना नेता' बन्न नचाहेको स्पष्ट पारेका छन् ।

उनले केही नेताहरू चुनावको समयमा मात्र आएर फोटो खिच्ने, औपचारिकता निभाउने र पछि हराउने प्रवृत्तिबाट आफू अलग रहेको दाबी गरे । स्थानीय भाषाका केही शब्द बोल्न सुझाव आए पनि केवल ताली बटुल्न ' नाटक' नगर्ने उनको भनाइ थियो ।

'रातभरि रटेर केही शब्द बोलेको जस्तो गर्न चाहन्नँ,'



थापाले भने, 'जनप्रतिनिधि बनेपछि समय लगाएर यहाँको भाषा सिक्छु, सबैलाई नामले चिन्छु र आत्मीय रूपमा बोल्न सक्ने बनाउँछु ।'

काठमाण्डुमा सांसद रहँदा गैरनेवार भए पनि नेवार समुदायको संस्कृति र पर्वमा घुलमिल भएर विश्वास जितेको अनुभव सुनाउँदै उनले सर्लाहीमा पनि त्यस्तै सम्बन्ध निर्माण गर्ने प्रतिबद्धता जनाए । आफू नौटंकी र चटके शैलीमा राजनीति नगर्ने बताउँदै थापाले सर्लाही-४ का जनताको साथी, भाइ र छोराका रूपमा काम गर्ने संकल्प व्यक्त गरे ।

उनले तीन दिनसम्म क्षेत्रमै बस्ने, पार्टीको कामका लागि काठमाडौं गएर पुनः फर्कने र सकेसम्म जनताको घरदैलोमा समय बिताउने योजना पनि सार्वजनिक गरेका छन् ।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons)
तहको पुनः प्रवेश परिक्षाको
Online आवेदन फाराम भर्ने



सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आरक्षण कोटा र विश्वविद्यालय विकास कोष अन्तर्गत केही सिट खाली रहन गएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/१०/१५ गते सम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई पुनः प्रवेश परीक्षाको Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि ०३१-५९०५५५ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८